बचत गर्दा ध्यान दिऔं।
सहकारीलगायत वित्तीय संस्थामा रकम जम्मा गर्दै हुनुहुन्छ ?
हो भने,
त्यस्ता संस्थाको वित्तीय विश्वसनीयताको परीक्षण गर्न नबिर्सौं। अधिक लाभको लोभमा नफसौं।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
राष्ट्रिय 'क' वर्ग
# प्रतीक दैनिक
eprateekdaily.com



अधिकृत बिक्रेताः
महाकाली इन्टरनेशनल प्रा.लि.
मुर्ली, वीरगंज-१३, पर्सा
मो: ९८५५०२२५८०

❖ वर्ष ३५ ❖ २०७९ असार ३१ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 July 15 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३१७

## पर्साका तीनवटा पालिकामा गर्मी बिदा घोषणा

धर्मेन्द्र चौरसिया, पोखरिया, ३० असार/

पर्सा जिल्लाका केही पालिकाहरूमा गर्मी बिदा दिन शुरू भएको छ। असारमा बढ्दो गर्मीसँगै तीन दिने गर्मी बिदाबाट वीरगंज महानगरपालिकाले बिदाको शुभारम्भ गरेको छ भने अहिले एक महीने गर्मी बिदा तीनवटा पालिकाले घोषणा गरेका छन्।

पोखरिया नगरपालिकाले साउन १ देखि २८ गतेसम्मका लागि बिदा घोषणा गरेको छ। बढ्दो गर्मीका कारण एक महीने बिदा घोषणा गरिएको शिक्षा शाखा प्रमुख विजय झाले बताए। अहिले पोखरियामा बिहानीपखको कक्षा सञ्चालन हुँदै आएको छ। गर्मी बढेसँगै सामुदायिक विद्यालयहरूमा पठनपाठन प्रभावित भएको छ। कतिपय विद्यालयहरूमा पङ्खा नभएको र विद्यार्थी सङ्ख्याभन्दा बढी कक्षा कोठामा राखेर अध्यापन गराउनुपर्ने बाध्यता भएकोले खपिनसक्नु गर्मीमा समस्या भएकोले एक महीने बिदा घोषणा गरिएको हो।

पकाहामैनपुर गापाले पनि साउन १ देखि २८ गतेसम्मका लागि बिदा घोषणा गरेको छ। शिक्षा शाखा प्रमुख दामोदर द्विवेदीले पालिकाले साउन २८ गतेसम्म सामुदायिक विद्यालयहरूमा बिदा घोषणा गरेको बताए।

यसैगरी, धोबिनी गापाले पनि साउन २८ गतेसम्म बिदा घोषणा गरेको गापा अध्यक्ष मदन चौहानले बताए।

### गर्मीका कारण छात्राहरू बेहोश

पकाहामैनपुर गापा-३ स्थित रामचरित्र भगत माविमा अध्ययनरत छजना



विद्यालयमा बेहोस भएकी छात्रा आराम गर्दै। तस्वीरः सौजन्य

छात्रा बिहीवार गर्मीका कारण बेहोस भएका छन्। असार महीनामा तीन दिन मात्र पानी परेको र सोबाहेक दिनानुदिन गर्मी बढेकोले बिहीवार उनीहरू कक्षा कोठामा बेहोश भएको प्रअ छोटेलाल साहले बताए।

कक्षा ६ देखि ८ मा अध्ययनरत छजना छात्रा बेहोश भएको र उनीहरूको अवस्था अहिले सामान्य रहेको प्रअ साहले बताए। कक्षा ६ मा पङ्खा छैन र त्यहाँ क्षमताभन्दा बढी विद्यार्थीहरू अध्ययन गर्नाका कारण छात्राहरू बेहोश भएको उनले बताए।

यसैगरी, कक्षा ७ र ८ मा पङ्खा भएपनि क्षमताभन्दा बढी विद्यार्थीहरू अध्ययनरत रहेकाले गर्मीको कारण छात्राहरू बेहोश भएको प्रअ साहले बताए। अहिले दिनानुदिन गर्मी बढ्दो छ, त्यसैले विद्यार्थीहरूको पठनपाठन बिहानीपख गरिएको छ। तर एकाबिहानैदेखि चर्को घाम लाग्दा जनजीवन प्रभावित भएको छ। छजना छात्रा बेहोश भएपछि विद्यालयले तीनवटा घण्टी सञ्चालन गरेर विद्यालय बन्द गरेको प्रअ साहले बताए। सो गापामा गापा कार्यालयले साउन १ देखि २८ गतेसम्म गर्मी बिदा घोषणा गरेको छ।

## पर्साका दलितहरू अझै सामाजिक विभेदको शिकार

प्रस, वीरगंज, ३० असार/



फाउन्डेशनले पर्साका दलितहरूको सामाजिक अवस्थाबारे बुझ्दै। तस्वीर सौजन्यः पिस फर दलित फाउन्डेशन

पिस फर दलित फाउन्डेशन नेपाल मधेस प्रदेश, पर्साले जिल्लाका केही पालिकाहरूमा दलितहरूको अवस्थाबारेमा अनुसन्धान शुरू गरेको छ।

दलितहरूको सामाजिक अवस्थामा जातीय छुवाछूत, शैक्षिक विभेद, सरकारी सेवासुविधामा विभेदसम्बन्धी विषयमा अनुसन्धान भइरहेको फाउन्डेशनका अध्यक्ष मनोज रामले बताए। उनले तत्काल पर्सा जिल्लाका जीराभवानी, जगरनाथपुर र सखुवाप्रसौनी गाउँपालिका गरी तीनवटा पालिकामा अनुसन्धान भइरहेको र थप दलित रहेका पालिकाहरूमा पनि अनुसन्धान हुने बताए। यसैगरी, उनले यो अनुसन्धान बारा र रौतहटमा गरिने जानकारी गराए।

अध्यक्ष रामले वर्तमान अवस्थामा दलितहरूप्रति हुने खुला भेदभावमा केही कमी आएको तर पूर्णरूपमा भेदभाव नहटेको र दलित भएकै कारण अहिले पनि विभिन्न खाले सामाजिक विभेदको शिकार हुनुपरेको दलितहरूले गुनासो गरेको बताए। उनले पालिकास्तरबाट हुने कुनै पनि निर्माण कार्यमा दलितहरूलाई सहभागिता नगराइएको बताए। दलितहरूले रोजगारको लागि पालिकास्तरबाट पाउने यो सुविधाबाट आफूहरू अहिलेसम्म वञ्चित भएको दुःखेसो पोखेको अध्यक्ष रामले बताए।

पालिकाका साथै निजीस्तरमा हुने निर्माण कार्यमा पनि दलितहरूको सहभागिता निषेध गरिएको उनले जानकारी गराए। घोषितरूपमा यो कार्य नभए पनि अघोषितरूपमा पर्सा जिल्लाका दलितहरूले यस्ता खाले विभेदहरूको सामना गरिरहेको उनले बताए।

यसैगरी, वैवाहिक कार्यक्रममा अहिले पनि दलितहरूलाई छुट्टै भोज दिने र दलितहरूको घरमा भोज खान जाँदा गैरदलितहरूबाट पकाउन लगाउने, उनीहरूबाटै पस्किन लगाउने गरेर आफ्नै कार्यक्रममा पनि दलितहरूको सहभागिता हुन नदिएको बताए। अध्यक्ष रामले अहिले पनि पर्सा जिल्लाका विद्यालयहरूमा दलित भएकै कारण बालबालिकाहरूमाथि विभेद हुने गरेको बताए। पहिलेजस्तो खुलारूपमा नभए पनि दलित छात्रछात्रासँग अहिले पनि विभिन्न बहानामा भेदभाव जारी रहेको उनले बताए।

फाउन्डेशनले दलितहरूको सामाजिक अवस्थाबारे अध्ययन गर्न नौजनाको टोली खटाएको र सो टोलीले दिने प्रतिवेदनको आधारमा स्थानीय सरकारको ध्यानाकर्षण गराउने उनले बताए। उनले फाउन्डेशनले सङ्घ, प्रदेश र स्थानीय तहका सरकारले दलितहरूको लागि गरेका कानूनी व्यवस्था, सेवासुविधाबारेमा दलितहरूको घरघरमा गएर जानकारी गराउने गरेको बताए। शिक्षाको अभावमा पर्साका दलितहरू अहिलेसम्म पिछडिएका र उनीहरूका बालबालिकालाई शिक्षा दिलाउनेतर्फ फाउन्डेशनले प्राथमिकता दिएर काम गर्दै आएको अध्यक्ष रामले बताए।

## मलको समस्या खेपिरहेका किसानलाई वर्षा नहुँदा बीउ डढ्ने चिन्ता

प्रस, परवानीपुर, ३० असार/



मल अभावले कृषि क्षेत्रमा हाहाकार मचिरहेका पर्सा र बाराका किसानहरूलाई अहिलेको प्रचण्ड गर्मीले निकै सताएको छ। कहिले पानी पर्ला र धान रोपाइँ होला भन्ने चिन्ताले किसानहरू ग्रसित छन्।

करीब एक सातादेखि वीरगंजमा बढेको अत्यधिक गर्मीले पर्सा, बाराका किसानले खेतको ब्याडमा राखेका बीउहरू डढ्न थालेका छन्। खोलाछेउका किसानहरूले पम्पसेट र बोरिङको सहाराले बीउहरू बचाइरहेका छन् भने उनीहरूलाई पनि आकाशे पानीको आवश्यकता छ। पर्सा, बारा, रौतहटसम्म सिंचाइका लागि स्थापित नारायणी सिंचाइ व्यवस्थापन कार्यालय अन्तर्गत गण्डक नहरमा पनि मागबमोजिम पानी भारतीय पक्षले नछाड्दा सो नहरको भर परेका किसानहरूले रोपाइँ गर्न सकेका छैनन्।

कार्यालयका सूचना अधिकारी इन्जिनीयर सुबोध कुशवाहाले साढे आठ सय क्युसेक पानी ल्याउने सम्झौता भएपनि वाल्मीकिनगरबाट अहिले जम्मा चार सय क्युसेक पानी मात्र आइरहेको बताए। भारतीय पक्षले नहरमा पानी कम छाड्दा अहिले पर्सा, बाराका किसानलाई तीन/तीन दिनको आलोपालो लगाएर नहरदेखि दक्षिणतर्फको खेतमा सिंचाइ गर्ने र किसानलाई रोपाइँ गर्न सघाइरहेको उनले बताए। आफूहरूले भारतीय पक्षलाई गएर अनुरोध गर्दासमेत मागबमोजिम पानी नदिएको अधिकारीहरूको भनाइ छ।

यता किसानहरूले सहजरूपमा डिएपी र युरिया मल नपाएको गुनासो गरेका छन्। वीरगंज-१८ सुखचैनाका महन्त राउतका अनुसार आफूलाई दुई बोरा डिएपी मल चाहिएकामा परवानीपुरस्थित दुईवटा कृषि सहकारी समूहमा धाउँदा-धाउँदा थाकिसकेको तर मल नपाएको बताए। पर्सा र बाराका ग्रामीण भेगका किसानहरू मल नपाएर भारतबाट तस्करीको बाटो भित्रिएका गुणस्तरहीन मल किनेर रोपाइँको लागि तयारी गरिरहेका छन्।

यस विषयमा वीरगंज नाका भएर मल भित्र्याउने साल्ट ट्रेडिङ कर्पोरेशन लि. वीरगंजका प्रबन्धक अमोज लामिछानेले चालू आवको लागि नेपाल सरकारले १५ अर्बको लागतमा एक लाख ४२ हजार टन मल खरीद गर्ने लक्ष्य राखेकोमा साल्ट ट्रेडिङले सो परिमाणको तीस प्रतिशत ल्याउने जिम्मेवारी पाएको बताए। जसमा साल्ट ट्रेडिङले युरिया २२ हजार टन र डिएपी २० हजार टन ल्याएर परिचालन गर्ने जिम्मेवारी पाएको छ। जसमध्ये अहिले पाँच हजार टन युरिया मल वीरगंजस्थित नेशनल ट्रेडिङको गोदाममा भण्डारण गरिएको छ र बाँकी चार हजार ५०० टन आउने क्रममा रहेको उनले बताए।

यसै क्रममा कृषि सामग्री कम्पनी प्रादेशिक कार्यालय, वीरगंजका प्रमुख चन्द्रप्रसाद चौलागाईंका अनुसार युरिया, डिएपी र पोटास गरी १६ हजार टन मल कृषि सामग्रीले ल्याउने जिम्मेवारी पाएकामा मल ल्याएर सम्बन्धित निकायका कार्यालयहरूमा बिक्री गरिसकेको बताए।

मधेस प्रदेशका आठ जिल्ला, वाग्मती र गण्डकी प्रदेशका पोखरा, पर्वत, तनहुँ, गोर्खा सेवा क्षेत्र रहेको यो कार्यालयले चालू आवमा नौ हजार टन युरिया बिक्री वितरण गर्ने लक्ष्य राखेकोमा आठ हजार ५६३ टन परिचालन गरिसकेको छ भने छ हजार टन डिएपी ल्याउने लक्ष्य पाएकोमा पाँ हजार २८२ टन परिचालन गरिसकेको छ।

त्यसैगरी, एक हजार टन पोटास ल्याउने जिम्मेवारी पाएको यो कार्यालयले २०८ टन परिचालन गरिसकेको प्रादेशिक प्रबन्धक चौलागाईंले बताए। उनका अनुसार किसानलाई युरिया प्रतिबोरा रु ७५०, डिएपी रु दुई हजार २०० र पोटास रु एक हजार ६०० मा बिक्री गर्ने गरिएको छ।

दूरीको आधारमा स्थानीय पालिकाले उक्त दरमा रु ५० देखि एक सयसम्म भाडाबापत थप गरेर बिक्री गर्ने गरेका छन्। नेपालमा बर्सेनि आठ लाख टन रासायनिक मल आवश्यक रहेकामा अढाई/तीन लाख टन मात्र सरकारले खरीद गर्ने गरेको छ।

## मौलापुरको ४० प्रतिशतभन्दा बढी बजेट शिक्षामा लगानी

प्रस, गरुडा, ३० असार/

रौतहटको एउटा नगरपालिकाले शिक्षामा ४० प्रतिशतभन्दा बढी बजेट लगानी गरिरहेको देखिएको छ। रौतहटको मौलापुर नगरपालिकाले आफ्नो कुल बजेटको ४० प्रतिशतभन्दा बढी रकम शिक्षा क्षेत्रमा लगानी गर्दै आएको छ। जिल्लाका १८ स्थानीय तहमध्ये सबैभन्दा बढी ४० प्रतिशत बजेट शिक्षामा लगानी गर्ने मौलापुर नगरपालिका नै रहेको छ।




चालू आर्थिक वर्षमा नगरपालिकाको कुल बजेट ३६ करोड रहेकोमा नगरपालिकाले शिक्षा क्षेत्रमा १४ करोड ६० लाख रुपैयाँ विनियोजन गरेको छ। नपाको कुल बजेटको ४०.५८ प्रतिशत बजेट शिक्षा क्षेत्रमा गएको नगरपालिकाका लेखापाल जयप्रकाश महतोले जानकारी गराए।

विभिन्न विद्यालयका लागि जग्गा खरीद, भवन निर्माण, भौतिक तथा शैक्षिक सामग्री खरीद, पर्खाल निर्माण, मर्मत तथा रङ्गरोगन, विद्यालयको सौन्दर्यीकरणमा नगरपालिकाले ठूलो लगानी गरेको छ।

मौलापुर नगरपालिकाले दर्जनौं शिक्षक नियुक्त गरेको छ। नगरपालिकाले दरबन्दी सिर्जना गरी आफ्नै स्रोतबाट शिक्षक नियुक्तिका लागि अहिले ३५ शिक्षकको लागि विज्ञापन माग गरेको छ।

आफ्नै स्रोतमा दरबन्दी सिर्जना गरी नगरपालिकाले भर्नाको प्रक्रिया अगाडि बढाएका ३५ मध्ये माध्यमिक तहका लागि २२ शिक्षकको माग गरेको छ।

नगरपालिकामा विद्यालय नै अपुग रहेको र विद्यालय अपायक ठाउँमा रहेको अवस्था हेरी दुईवटा विद्यालयलाई मर्ज पनि गरिसकेको छ भने केही विद्यालय स्थापना पनि गरेको छ। नगरपालिका गठन हुँदा दुईवटा माध्यमिक विद्यालय रहेको मौलापुरमा अहिले पाँचवटा माध्यमिक विद्यालय पुऱ्याएको शिक्षा संयोजक चन्देश्वर साहले जानकारी गराए।

भवन निर्माण, प्रयोगशाला, खेलकूद तथा शैक्षिक सामग्री, पाठ्यपुस्तक, बेन्च, डेस्क, सरस्वती पूजा, परीक्षा सञ्चालन, जमीन खरीद, प्राविधिक शिक्षा सञ्चालन, संस्थागत अनुदान, साक्षरता अभियान, प्रौढ शिक्षा र नगरपालिकाले दरबन्दी सिर्जना गरी शिक्षक नियुक्ति गर्दा तलबभत्ता र छात्रवृत्तिमा गरी नगरपालिकाले आफ्नो बजेटको ठूलो हिस्सा शिक्षा क्षेत्रमा खर्च गर्दै आएको नगरप्रमुख रीनाकुमारी साहको भनाइ छ।

समाजको विकासको लागि सबैभन्दा बढी शिक्षाको विकास जरुरी रहेकोले

(बाँकी अन्तिम पातामा)

## विचारसार र सूक्तिहरू

**समयको रापले पाकेको चीज साँच्ची नै मूल्यवान् हुन्छ, त्यसैले अत अङ्गुरभन्दा किशमिशको मूल्य बढी हुन्छ ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: eprateekdaily.com


# कसले रोक्दै छ घरेलु मदिरा

**हाम्रो मुलुकमा घरेलु मदिराले वैधानिक मान्यता पाउन अदृश्य शक्तिले रोकिरहेको प्रतीत हुँदैछ । वार्षिक पाँच अर्ब रुपैयाँभन्दा बढी स्वदेशी मुद्रा विदेशी मदिराको आयातमा बाहिरिने गरिरहेको छ । यसरी मदिरा भित्रिंदा विदेशी उत्पादक र स्वदेशी ठेकेदारहरू प्रत्यक्षरूपमा लाभान्वित हुन्छन् । अन्तर्राष्ट्रियस्तर ब्रान्डमा सर्वसाधारणको पहुँच छैन । यसर्थ केही स्वार्थ समूहले मदिरा आयातको नेतृत्व स्थायीरूपमा सम्हालिरहेका हुन्छन् । यही समूहले मुलुकको मदिरासम्बन्धी नीति निर्माणमा अदृश्य प्रभाव पार्ने हो । परम्परागतरूपमा उत्पादन गरिंदै आएको स्वदेशी घरेलु मदिराको गुणस्तर निर्धारण गरी कानूनी मान्यता दिनुपर्छ भन्ने मत सबैतर्फबाट प्रकट भइरहेका छन् । फेरि पनि सङ्घीय सरकारले सोसम्बन्धी नीति तथा कानून निर्माणमा टेरपुच्छर लगाएको छैन ।**

**नेपाल घुम्न आउने विदेशी पर्यटकहरू नेपाली अन्न तथा फलफूलबाट उत्पादित घरेलु मदिरा पिउन लालायित हुन्छन् । उनीहरू ग्रामीण क्षेत्रमा जाँदा विदेशीभन्दा पनि स्वदेशी कोदो त्यसैगरी केरा, स्याउलगायत फलफूल तथा अन्नबाट बनेका घरेलु मदिरा चाहने गरेको कुरा 'ग्रामीण पर्यटनसम्बन्धी खोज अनुसन्धान'ले पुष्टि गरिसकेको छ । हाम्रै मुलुकका धनाढ्यहरूले तारे होटलमा पुगेर स्वदेशी कोदोको घरेलु मदिरा सेवन गर्ने गरेकोसमेत चर्चामा आयो । सरकारले मानव स्वास्थ्य, गुणस्तर र राजस्वको बहाना गरेर घरेलु मदिराविरुद्ध कारबाई चलाइरहेको छ । विदेशी मदिराको आयातले राजस्वमा करीब २४ प्रतिशत योगदान दिएको सङ्घीय सरकारको दाबी छ । घरेलु मदिरा उत्पादनको लागि प्रशिक्षण दिने हो भने गुणस्तर कायम हुन सक्छ । गुणस्तर कायम गर्न सके घातक बन्ने खतरा रहँदैन । रह्यो राजस्वको कुरा, साना उद्योग दर्ताविना उत्पादन एवं बिक्री वितरण गर्न नपाइने व्यवस्था कडाइका साथ लागू गरियो भने राजस्व आफैं सङ्कलन हुन्छ । सस्तो, महँगो, राजस्व बढी लाग्ने, कम लाग्ने सबै किसिमका मदिरा घरेलु विधिबाटै उत्पादन गर्न सकिन्छ । प्राविधिक सीपविना नै मदिरालाई अति कडा बनाउने ध्येयमा अखाद्य वस्तु मिसाइँदा मदिरा विषालु बन्ने हो । कानूनी अडचनका कारण लुकीछिपी वा हतारोमा मदिरा उत्पादन गर्दा सेवनकर्ताको ज्यानमा खतरा र मदिराको गुणस्तरीयता जोखिममा परिरहेको छ ।**

**विकसित मुलुक साम्यवादी चीन, संवैधानिक राजसंस्थासहितको जापान, पूँजीवादी मुलुक कोरियालगायतमा घरेलु मदिरा उत्पादन हुन्छ । उनीहरू आफ्नो मुलुकको घरेलु मदिरामा गर्व गर्छन् । घरेलु मदिराको संरक्षण र गुणस्तरीयताका लागि आआफ्नै मुलुक सुहाउँदो नियम, कानून तथा मापदण्डहरू बनाएका छन् । हाम्रो मुलुकका कतिपय धर्म, संस्कृति, हावापानी, धरातल एवं जनजीवनसँग घरेलु मदिरा प्राचीनकालदेखि नै जोडिएर आएको छ । विदेशी मदिरा निषेध नगरिने हो भने घरेलु मदिरा पनि खराब होइन । यसलाई ब्रान्डेड गर्नुपर्ने र उत्पादन अनुमति दिनुपर्ने कुरा चौतर्फीरूपमा उठेका छन् । 'एउटा परिवारले एक वर्षमा ३० लिटरसम्म घरेलु मदिरा र ६० लिटरसम्म जाँड बनाउन पाउने' विगतमा सर्वोच्च अदालतको फैसला छ । प्रदेश नं १ लगायत काठमाडौं महानगरपालिका र विभिन्न स्थानीय तहहरूले घरेलु मदिरालाई ब्रान्डेड गरेर उत्पादन गर्ने कुरा नीति तथा कार्यक्रममा ल्याएका छन् । तर सङ्घीय सरकारले यसलाई नसुनेझैं गर्दै कानून नबनाएको कारण प्रदेश र पालिकाको प्रक्रिया अवरुद्ध छ ।**

# नेपालका वामपन्थीदलहरू विदेशी कम्युनिस्टका शाखा हुन् ?

स्वतन्त्र विचार




श्रीमन्नारायण
an_shriman@yahoo.com


**चिनियाँ कम्युनिस्ट पार्टीका विदेश विभाग प्रमुखको नेपाल भ्रमण नेपालका वामपन्थी दलबीच एकता र सहकार्य गराउने उद्देश्यले नै भएको हो । लाग्दछ नेपालका वामपन्थी दलहरू चिनियाँ कम्युनिस्ट पार्टीका विदेशमा सञ्चालित भातृ सङ्गठन मात्रै हुन् ।**

चरित्रको सङ्कट, विश्वासको सङ्कट र नेतृत्वको सङ्कट (राजनीतिका त्रिदोष) नै नेपालको वर्तमान सम्पूर्ण समस्याको जननी हो । वैचारिक विचलन भएपछि व्यक्ति अथवा सङ्गठन कमजोर एवं निस्सहाय हुन पुग्दछ । यस्तो अवस्थामा वैदेशिक हस्तक्षेपको सम्भावना बढ्दै जान्छ । गुरु पूर्णिमाको साइत पारेर चिनियाँ कम्युनिस्ट पार्टीका विदेश विभाग प्रमुखको नेपाल भ्रमण यसको ज्वलन्त उदाहरण हो । आलोपालो गरी नेपालका वामपन्थी दलका नेताहरूसित उनको भेटघाटको निहितार्थ प्रस्ट नै छ, आउँदो सङ्घीय र प्रादेशिकसभा निर्वाचनमा कम्युनिस्टहरू एकजुट भएर चुनावमा भाग लिनु । सम्भव भए पुन: नेपाल कम्युनिस्ट पार्टीलाई ब्युँताउने तर त्यो सम्भव नभए कम्तीमा पनि वाम गठबन्धनको निर्माण गर्नु नै चीनको चाहना रहेको देखिन्छ । चुनावभन्दा ठीक अघि सत्ताधारी चिनियाँ कम्युनिस्ट पार्टीका नेताको यसरी नेपाल भ्रमण हुनुलाई संयोग मान्न सकिंदैन । यो सुनियोचित रूपमा भएको छ । नेपालका कम्युनिस्ट पार्टीबीच एकता सहकार्य गराउने हिसाबले भएको उनको यस भ्रमणको निन्दा मात्रै गर्न सकिन्छ । यो एक किसिमले हस्तक्षेप नै हो । चिनियाँ कम्युनिस्ट पार्टीका विदेश विभाग प्रमुख लिउ जियानचेनको नेपाल भ्रमणको अर्को उद्देश्य बिआरआई परियोजनाको कार्यान्वयनलाई बल दिनु हो । बिआरआईका परियोजनाहरू बढोस् भन्ने चाहना नेपालको उत्तरी छिमेकीको रहेको देखिन्छ ।

आखिर पटक-पटक नेपालका वामपन्थीलाई शिक्षा-दीक्षा दिन किन उत्तरी छिमेकीको दूतलाई नेपाल आइराख्नुपर्छ ? चीनले लामो समयसम्म डेंग जियाओजिंगको लो प्रोफाइल कायम गर्ने नीति अवलम्बन गर्‍यो । मौन बसेर शक्ति आर्जन गरिरहने र आफ्नो स्वार्थमा मात्र चासो देखाउने चिनियाँ शैलीको युगको अन्त्य भइसकेको छ । कम्युनिस्ट पार्टी स्थापनाको एक सय वर्ष पुगेको चीन, बिआरआई, एशियाली पूर्वाधार विकास बैंक, सङ्घाई सहयोग सङ्गठन आदिमार्फत मुखर भइरहेको छ र आर्थिक र सामरिक दुवै दृष्टिले वुल्फ-वारियर डिप्लोमेसी भनिने आक्रामक कूटनीतिको प्रभाव नेपालसम्म आइपुगेको छ । एक हदसम्म चिनियाँ अन्तर्राष्ट्रिय सम्बन्धको निर्माण आफ्ना स्वार्थ नमिल्ने विश्वलाई घृणा गर्ने राष्ट्रवादमा आधारित छ । नेपाली नेताहरूले सहज स्पेस दिएकै कारण नेपालमा चीनको अति सक्रियता बढेको हो । एमाले र माओवादीको एकीकरण र विवाद साम्य पार्न चीनको भूमिका देखिनेगरी सतहमा आयो ।

तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (एमाले) र माओवादी केन्द्रबीच ७ फागुन २०७४ मा सात बुँदे समझदारी हुने बित्तिकै चिनियाँ कम्युनिस्ट पार्टी (सिपिसी) का नेता कुअ या यचौ चिनियाँ दूत बनेर नेपाल आएका थिए । उनै यचौ नेकपा विवाद उत्कर्षमा पुगेको बेला १२ पुसमा पनि बेइजिङको विशेष दूतको रूपमा विवाद मिलाउन काठमाडौं ओर्लिए, तर उनको प्रयास सफल हुन सकेन ।

कन्फ्युसियसकालीन मान्यताले समाजसम्मै जरो गाडेको चीनमा राष्ट्रवाद र संस्कृतिप्रति एक किसिमको अभिमान पनि छ । त्यसैको प्रभाव हुन सक्दछ, चीन जहिल्यै आफूप्रति वफादारिताको सुनिश्चितता खोजिरहन्छ । त्यसैले एक चीन नीतिको नारा सधैं दोहोर्‍याउनुपर्छ । एकचोटी आश्वासन दिएर पुग्दैन । आफ्नो आलोचना सुन्न अनिच्छुक चिनियाँ सत्ताको शैलीको प्रतिविम्ब समय-समयमा देखा पर्ने गर्दछ । नेपालका कुनै लेखक अथवा पत्रकारले चीनको विरोधमा समाचार लेखेलगत्तै पश्चिमा समर्थकको आरोप लगाई आलोचना गर्ने गर्दछ । नेपाली काङ्ग्रेसका नेता तथा कर्णाली प्रदेशका मुख्यमन्त्री जीवनबहादुर शाहीले गत वर्ष नेपाल-चीन सीमा विवादका विषयमा स्थलगत अध्ययन गरी प्रतिवेदन बुझाएपछि चिनियाँ कम्युनिस्ट पार्टीको मुखपत्र ग्लोबल टाइम्सले भारतीय र अमेरिकी स्वार्थमा उनले विवाद झिकेको भन्ने तिखो आलोचना गर्‍यो जबकि उपरोक्त दुईवटै देशलाई यससित कुनै वास्ता नै थिएन, किनभने यो त नेपालको सिमानाको विषय थियो र स्थलगतरूपमा देखेको कुरा लेख्ने काम भएको थियो । काठमाडौंस्थित चिनियाँ दूतावासले पनि नेपाली काङ्ग्रेसलाई खेदसहित पत्र पठाएको थियो । आफूलाई अप्ठ्यारो पर्ने कुरालाई कार्पेटमुनि नै राख्न चाहने शैली भएकोले हुन सक्छ, नेपालसँगको सीमा विवादको विषयमा सुन्न र छलफल गर्नै चाहँदैन, चीन ।

छिमेकीप्रति सद्भावसहित तटस्थ हुनुपर्नेमा यहाँको ठूलो जनमत प्रो-चिनियाँ नै बन्न पुगेको छ । परिणामस्वरूप चीनप्रति आलोचनात्मक दृष्टिकोण सीधै पश्चिमाद्वारा पोषित तथा स्वतन्त्र तिब्बतको पक्षधर घुसपैठियाका रूपमा कलङ्कित गर्ने गर्दछ । चीनलाई गुण-दोष दुवै भएको छिमेकी भन्ठान्नुसट्टा तख्तामा नै राखेर अति सम्मान गरेका कारण उत्तरतिरको सम्बन्धमा हाम्रो स्वाभिमान र आत्मसम्मान घुँडा टेक्ने तहमा पुगेको छ । चीनका लागि नेपाल प्राथमिकताको देश होइन; आर्थिक, राजनीतिक र सामरिक कुनै पनि दृष्टिकोणले ऐतिहासिक कालदेखि नै नेपालमा चीनको उपस्थिति उसको वास्तविक प्रभावभन्दा ठूलो देखिनेगरी चित्रण हुँदै आएको छ । चीनको सदाशयतालाई अतिरञ्जित रूपमा पस्किने काम हुँदै आएको छ । ठूला दुई महाशक्तिबीच अवस्थित नेपालले सन्तुलन कायम राख्नु आवश्यक छ तर नेपालमा चीनको चाहिनेभन्दा बढी देवत्वकरण गर्ने काम हुँदै आएको छ । अब यो नागरिकस्तरसम्म पुगेको छ ।

चीनको सत्तारूढ चिनियाँ कम्युनिस्ट पार्टी (सिपिसी)को सिद्धान्तलाई आयात गरेका नेपाली राजनीतिक दलहरू (वामपन्थी)ले निर्माण गरेको तिलस्मी भाष्यले धेरैलाई भूलभुलैयामा पारिदियो । त्यसैले नेपालको प्रत्येक राजनीतिक परिवर्तन र आर्थिक विकासमा सहयोगी रहेको भारतको छवि खराब छिमेकी बने पनि नेपाली समाजमा चीनप्रतिको अनुराग असामान्य बन्न पुग्यो । नेपालको राष्ट्रियता भारतविरोधी मानसिकतामा आधारित रहेकोले यस्तो भएको हो ।

नेपाली राष्ट्रवादको चासो चिनियाँ स्वार्थको रक्षासँग जोडिने गरेको छ । एमसिसी परियोजना कार्यान्वयन नहोस् भन्ने चाहना चीनको थियो । शुरूमा नेपालका वाामपन्थी दलहरूले यसको चर्को विरोध गर्दागर्दै सार्वजनिकरूपमैं भन्न पनि पुगे कि एमसिसी चीनविरुद्ध लक्षित भएकोले यसलाई स्वीकार गर्नुहुँदैन । एमसिसी सम्झौताबाट नेपाललाई केकति घाटा छ ? यसबारे तिनलाई चिन्ता थिएन, नेपालका वामपन्थी राष्ट्रवादीहरू चीनको चिन्ताबाट बढी चिन्तित थिए । अर्थात् देशको स्वार्थको जगेर्ना हुन्छ कि हुँदैन हेर्नुको सट्टा नेपालमा चीनको स्वार्थ रक्षा हुन्छ कि हुँदैन हेर्ने जनमत तयार पार्ने काम भयो ।

दुई देशको सीमा नाकामा त चिनियाँकै दबदबा रहँदै आएको छ । २०७२ सालमा आएको भूकम्पका कारण बन्द उत्तरी नाका आजसम्म चालू हुन सकेको छैन । चीनमा अध्ययनरत छात्रहरू कोभिड-१९ का कारण नेपाल आएपछि अब चीन तिनलाई बाँकी पढाइ गर्ने अनुमति दिइरहेको छैन । उत्तरी नाका बन्द भएका कारण नेपालको निर्यात व्यापार सात वर्षदेखि ठप्प छ । चीनले आफ्नो इच्छा अनुसार मात्रै आयात गर्ने गर्दछ । काठमाडौंसँग नियमित हवाई उडान पनि सहज भएको छैन तर पनि नेपालका वामपन्थीहरूका निम्ति चीन दोषरहित नै मुलुक हो । नेपालका वामपन्थी दलका नेता-कार्यकर्ताहरू वर्षमा एकपटक चिनियाँ कम्क्युनिस्ट पार्टीका नेताहरूसित प्रशिक्षण लिंदै आएका छन् । चिनियाँ राष्ट्रपति सी जिनपिङको विचारधाराका पुस्तकहरू नेपालका वामपन्थी दलका कार्यालयहरूमा पनि पाउन सकिन्छ । चिनियाँ कम्युनिस्ट पार्टीका विदेश विभाग प्रमुखको नेपाल भ्रमण नेपालका वामपन्थी दलबीच एकता र सहकार्य गराउने उद्देश्यले नै भएको हो । लाग्दछ नेपालका वामपन्थी दलहरू चिनियाँ कम्युनिस्ट पार्टीका विदेशमा सञ्चालित भातृ सङ्गठन मात्रै हुन् । होइन भने पटक-पटक निर्देशन, सुझाव र सल्लाह दिन किन नेपाल दगुर्ने काम हुन्छ ।

# जग्गाधनी एउटा, बिक्री गर्ने अर्को

-नानीमैया कटवाल

सप्तरी, ३० असार (रासस

जग्गाधनीलाई जानकारी नै नदिई जग्गा बिक्री गर्ने कर्मचारीसहित पाँच जनालाई कैद सजाय भएको छ । राजविराज नगरपालिका-७ को करोडौं मूल्य पर्ने तीन कठ्ठा नौ धुर जग्गा कीर्ते गरी बिक्री गर्ने कार्यमा संलग्न मालपोत कार्यालय सप्तरीका नायबसुब्बा राजविराज -५ निवासी सीताराम चौधरी र कार्यालय सहायक राजविराज-९ का हरिनारायण शर्मालाई बुधवार जनही छ वर्ष कैद सजाय भएको छ ।

कीर्ते गरेकोमा एक वर्ष, कर्मचारी भएकाले थप दुई वर्ष तथा ठगी गरेकोमा तीन वर्ष गरी छ वर्ष कैद सजाय भएको सप्तरी जिल्ला अदालतका सूचना अधिकारी भरतमणि पोखरेलले जानकारी दिए । अर्का कर्मचारी सुनसरी दुहबी-४ का उद्धव खतिवडाको कारागारमैं मृत्यु भएकोले उनको हकमा मुद्दा खारेज भएको छ । कीर्ते जालसाजी मुद्दामा पुर्पक्षका लागि थुनामा रहेका ५८ वर्षीय नायबसुब्बा खतिवडाको २०७८ पुस २ गते मृत्यु भएको थियो । उनी २०७५ साउनदेखि नै पुर्पक्षका लागि राजविराज कारागारमा थुनिएका थिए ।

खतिवडासँगै थुनामा रहेका चौधरी र अर्का कर्मचारी हरिनारायण शर्माको कैद अवधि अझै दुई वर्ष बाँकी छ । फरार शर्मा अदालतमा हाजिर भएपछि २०७५ कात्तिक १३ गतेदेखि थुनामा छन् । करारका कर्मचारी शर्मा श्रेस्तामा कैफियत लेखी फोटो टाँसेर फाँटवालामा पेश गर्ने गर्दथे ।

यसैगरी जग्गा खरीद बिक्री कार्यमा संलग्न राजविराज-७ गजेन्द्र चोकको देवरानीदेवी दास र डाक्नेश्वरी नगरपालिका-८ घर भई हाल राजविराज-७ मा घर बनाई बसेकी घुरनीदेवी साहलाई चार वर्ष कैद सजाय भएको छ । दास र साहलाई कीर्ते गरेकोमा एक वर्ष र ठगी गरेकोमा तीन वर्ष गरी चार वर्ष कैद सजाय भएको अदालतले जनाएको छ ।

प्रहरीद्वारा २०७५ असार ३२ गते पक्राउ परेकी दास २०७५ साउन १७ गते रु १५ लाख पाँच हजार धरौटी राखी पुर्पक्षका लागि तारेखमा रिहा भएकी थिइन् । घुरनीदेवी भने २०७५ पुस ३० गते रु साढे सात लाख धरौटी राखी पुर्पक्षका लागि तारेखमा रिहा भएकी थिइन् ।

यस्तै २०७५ असार १९ गते पक्राउ परी साउन १७ गतेदेखि पुर्पक्षका लागि थुनामा रहेका राजविराज-११ का ७८ वर्षीय फुदन साहको कैद सजाय अवधि चार वर्ष पूरा भएको छ । कैद सजाय भुक्तान भएकोले उनी रिहा भएका छन् । उनका छोरा शङ्करसाह तेली र शर्माका नातेदार उपेन्द्र शर्मा फरार छन् ।

उनीहरूले राजविराज नगरपालिका-७ की ६९ वर्षीया उषा अर्यालको करोडौं मूल्य पर्ने तीन कठ्ठा नौ धुर जग्गा बिक्री गरेका थिए । अमेरिकामा रहेकी अर्याललाई थाहै नदिई एक महीनामा दुईपटक उनको जग्गा बिक्री भइसकेको थियो । उनले आफ्नो जग्गा खोजी गर्दा अर्कैको नाममा पुगिसकेको चाल पाएपछि न्यायका लागि प्रहरीसमक्ष पुगेकी थिइन् । कीर्ते गरी आफ्नो नाममा जग्गा ल्याई बिक्री गर्ने फुदन साह र खरीद गर्ने देवरानी दासलाई प्रहरीले पक्राउ गरेसँगै कर्मचारीसहितको मिलेमतोमा अर्यालको जग्गा कार्यालयलाई गुमराह पारी बिक्री भएको रहस्य खुलेको हो ।

# लालबन्दीमा ऐलानी जग्गाको नापजाँच थालियो

सर्लाही, ३० असार/रासस

सर्लाहीको लालबन्दी नगरपालिकाले नगरभित्रका ऐलानी जग्गाको नापजाँच थालेको छ । लालबन्दी नगरपालिकाका विभिन्न ठाउँमा रहेका ऐलानी जग्गाको नाँपजाँच शुरू गरिएको लालबन्दी नगरपालिका-१६ का वडाध्यक्ष एवं लालबन्दी नगरका प्रवक्ता गणेशबहादुर थापाले जानकारी दिए ।

नगर प्रमुख वासुदेव अधिकारीलगायत जनप्रतिनिधि र नगर पालिकाका कर्मचारीका साथै सम्बन्धित कार्यालयका कर्मचारीको उपस्थितिमा लालबन्दी नगरपालिका-१० बाट ऐलानी जग्गाको नापजाँच काम शुरू गरिएको हो ।

राष्ट्रिय भूमि आयोग जिल्ला समितिले नगरका सबै वडाका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी, अव्यवस्थित बसोवासी र अधूरा अपूरा कार्य सम्पन्न गर्ने लक्ष्य र उद्देश्य अनुरूप काम थालेको भूमि आयोग लालबन्दी सेवा केन्द्रका सहायक चेतबहादुर मगरले जानकारी दिए ।

आगामी मङ्सिर पहिलो साताभित्र सबै किसिमका जमीनका समस्या समाधान गरी जग्गा धनी प्रमाणपुर्जा उपलब्ध गराउने लक्ष्य रहेको राष्ट्रिय भूमि आयोगका जिल्ला अध्यक्ष चन्द्रप्रसाद वाग्लेले बताए ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

## कृषिमा आत्मनिर्भरता र मलको हाहाकार

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन र वातावरण तथा जैविक विविधताको संरक्षण गर्दै उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नुपर्ने हुन्छ। विविधीकरण, व्यवसायीकरण र उद्योगीकरणका माध्यमबाट किसानको आम्दानी वृद्धि, खाद्य तथा पोषण सुरक्षा र आत्मनिर्भर कृषि क्षेत्र नै अबको मार्गचित्र हुनुपर्छ।**

यतिबेला धान रोप्ने मौसम शुरू भएको छ। धान रोप्ने मौसममा किसानहरूलाई भ्याई नभ्याई छ तर कृषि प्रधान देश नेपालमा धान लगाउने मुख्य सिजनमा नै रासायनिक मल नपाएपछि किसानहरू नराम्ररी पिरोलिएका छन्। मल नपाएर उनीहरू ज्यादै चिन्तित छन्। सत्ताको हानथाप र पद लोलुपतामा होमिएका राजनीतिक दलहरू र तिनका नेताले किसानको यो समस्याप्रति कुनै चासो नदेखाउनु आफैंमा विडम्बनापूर्ण त छँदैछ, त्यसमा पनि सरकारले किसानको यो अवस्थाप्रति मुकदर्शक बन्नु र मल आपूर्ति सहज बनाउन कुनै ठोस र प्रभावकारी प्रयास समेत नगर्नु ज्यादै चिन्ताको विषय हो। खेतीको मुख्य सिजनमा मलको अभाव खेप्नु नेपाली किसानको नियति नै बनेको भन्दा अतियुक्ति नहोला। खेतीको मुख्य सिजनमा प्रत्येक वर्ष नेपाली किसानले मलको अभाव झेलेका छन् तर यो विडम्बनापूर्ण अवस्थाको अन्त्य कहिल्यै हुन सकेन। प्रायः सबै सरकारले कृषि र किसानलाई मुख्य प्राथमिकतामा राखेको भने पनि यी दुवै क्षेत्र जहिले पनि राज्यद्वारा अपहेलित र उपेक्षित छन्।

राष्ट्रिय उत्पादनमा एकतिहाई भूमिका निर्वाह गर्ने र दुईतिहाई जनताको जीविकोपार्जनको मुख्य पेशा रहेको कृषि क्षेत्रलाई सबल र सक्षम बनाउन नसक्नु नै नेपालको दिगो विकास हुन नसक्नु हो। मुलुक सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेपछि कृषि क्षेत्रमा आमूल परिवर्तन र सुधार भई ग्रामीण क्षेत्रको आर्थिक सामाजिक रूपान्तरण भएर समाजबाट गरीबी र भोकमरी हट्ने आशा र विश्वास आम नेपाली जनताले लिएको थियो। जसलाई स्वाभाविक नै मान्नुपर्दछ। मुलुकमा वैज्ञानिक भूमिसुधार गरी उत्पादनशील किसानलाई बढी प्रतिस्पर्धी बनाएर सामाजिक न्याय दिलाउने तथा कृषिको उत्पादन र उत्पादकत्व बढाएर किसानको जीवनस्तर माथि उकास्नुका साथै भोकमरीबाट मुलुकलाई जोगाउनेजस्ता गणातान्त्रिक सरकारहरूको प्रमुख प्राथमिकता क्षेत्र कृषि केवल ओठे गफमा सीमित हुन पुगेको छ। कृषिमा सुधार र आमूल परिवर्तनको कुरा त परै जाओस्, कृषिका लागि अति आवश्यक मल र उन्नत बीउको सहज आपूर्ति र बन्दोबस्त समेत अहिलेसम्म कुनै पनि सरकारले गर्न सकेन।

मुलुकको समृद्धिको आधार र भविष्यसँग गाँसिएको विषय नै कृषि हो। उन्नत, औद्योगिक र विकसित समाजको निर्माणको आधार पनि कृषिलाई नै लिने गरिएको छ। कृषि मुलुकको भविष्य र सम्भावना पनि हो। तर नीति निर्माता र निर्णयकर्ताहरूको स्वार्थका कारण मलको सहज आपूर्ति हुन सकेको छैन। राजनीतिक दल, नीति निर्माता र निर्णयकर्ताहरू सबै मलको राजनीतिमा होमिएका देखिन्छ। मुलुकमा कृषिका लागि ६/७ लाख मेट्रिक टन रासायनिक मलको आवश्यक पर्ने कृषि तथा सहकारी मन्त्रालयको अनुमान छ। तर गैरसरकारी सङ्घसंस्थाले गरेको अनुमान र उत्पादनशील जमीनको विश्लेषण गरेर हेर्ने हो भन्ने मुलुकमा करीब ८/९ लाख मेट्रिक टन रासायनिक मल आवश्यक पर्छ। सरकारी तथ्याङ्कलाई आधार मान्ने हो भने ६/७ लाख मेट्रिक टन मल आपूर्ति गर्नुपर्ने ठाउँमा सरकारले त्यसको एक चौथाई अर्थात् झन्डै एक लाख २० हजार मेट्रिक टन मल मात्र ल्याउने गरेको तथ्याङ्कले जनाएको छ। मागको अनुपातमा अत्यन्त कम मल ल्याएर कनिका छरेजस्तो मलको हाहाकार मभाउन सरकार स्वयं लागिपरेको देखिन्छ। पर्याप्त मात्रामा मलको आपूर्ति हुन नसकेर उपलब्ध मलमा नै लुछाचुँडी गर्न किसानहरू बध्य हुनुपरेको छ भने अर्कोतिर त्यही अनुदानको मलमा कालोबजारी समेत हुने गरेको कुरा पटक पटक सञ्चार माध्यमबाट सार्वजनिक भइरहेको छ। एकातिर माग अनुसार आपूर्ति हुन नसक्नु र अर्कोतिर आपूर्ति भएको मलमा समेत कालोबजारी भई अनुदानको त्यो मल नै किसानले चर्को मूल्यमा व्यापारीहरूबाट खरीद गर्नु, सरकारी संयन्त्रको कमजोरी र चरम लापरवाहीबाहेक अरू केही हुन सक्दैन। खेती गर्ने मुख्य समयमा किसानले निर्धक्क साथ खेतीमा लाग्नुको साटो दिनहुँ मलका लागि भौतारिनुपरेको छ। पहिलो कुरा त मल पाइँदैन, पाइहाले पनि चाहिनेभन्दा निकै थोरै र त्यो पनि लामो समयको पर्खाईपछि। कतिपय अवस्थामा लामो समयसम्म लाइनमा बसेर पनि अन्त्यमा आफ्नो पालोमा मल सकिएर रित्तो हात फर्कनुपरेको अवस्था किसानहरूले भोगिराखेका छन्।

हुनत नेपालका अधिकांश रैथाने बीउबिजन लोप भइसकेका छन्। नेपालका रैथाने धानको बीउ चार प्रतिशतजति फिलिपिन्सलगायत मुलुकको जीन बैंकमा रहेको बताइन्छ। खेतीयोग्य जमीनको वैज्ञानिक व्यवस्थापन गर्न नसक्नु, कृषिमा रासायनिक मलको प्रयोग अत्यधिक बढ्नु र कृषियोग्य जमीनको घडेरीका नाममा बढ्दो खण्डीकरणका कारण नेपाल दिन प्रतिदिन कृषिमा परनिर्भर बन्दै गएको छ। किसानले खेती गर्ने समयमा मल नपाउनु, युवालाई कृषिमा आकर्षित गर्न नसक्नु, कृषिमा सम्भावना देखाउन नसक्नु, कृषि-उपजलाई बजार अभाव हुनु, आयातित सस्ता सामग्रीसँग यहााका उत्पादनले प्रतिस्पर्धा गर्न नसक्नुजस्ता कारणले कृषिप्रति आकर्षण घट्दै गएको छ। नेपाल कृषिमा आत्मनिर्भर हुनका लागि परम्परागत कृषि प्रणाली विस्थापित गर्दै स्रोत संरक्षण कृषि प्रविधिसहितको आधुनिकतामा आधारित कृषि प्रणालीको विकासमा जोड दिनुपर्छ। नेपालमा सरकारले खुला बजार र आर्थिक उदारीकरणको नीति लागू गरेपछि किसानहरू क्रमशः मलमाथिको सहज पहुँचबाट टाढिँदै गएका छन्। शुरूका दिनमा सरकारले प्रतिमेट्रिक टन मलमा पाँच हजार पाँच सय रुपियाँसम्म अनुदान दिएको थिए। पछि २०५२-०५३ सालसम्म पनि लागत मूल्यमा ५० प्रतिशत सम्म अनुदान थियो। त्यसपछि अनुदानको मात्रा क्रमशः घटाउँदै सरकारले आर्थिक वर्ष २०५६-०५७ देखि अनुदान पूर्णतः हटायो। पछि मुलुकमा लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था लागू भएपछि २०६६ सालदेखि सरकारले मलमा पुनः अनुदान दिन थालेको छ। हाम्रो बजार र अर्थतन्त्रलाई अन्तर्राष्ट्रिय बजार र अर्थतन्त्रसँग ऐक्यबद्धता गरिएको अहिलेको अवस्थामा हाम्रा उत्पादकलाई प्रतिस्पर्धी बनाउन राज्यले व्यापक संरक्षण गर्नुपर्ने देखिन्छ। यसलाई दृष्टिगत गरेर गणतान्त्रिक सरकारले मलमा अनुदान दिने नीति अख्तियार गरेको छ। मुलुकलाई आवश्यक पर्ने मलको परिमाण दृष्टिगत गरी माग, आपूर्ति र अनुदानमा सन्तुलन कायम गर्नु उपयुक्त हुन्छ। यसका साथै मलको आपूर्ति व्यवस्था सहज र प्रभावकारी बनाउन आयातमा मात्र भर पर्नुपर्ने अवस्था अन्त्य गर्दै जानुपर्दछ। यसका लागि स्वदेशी उत्पादनलाई प्राथमिकता र प्रोत्साहन दिई मलमा आत्मनिर्भर हुने अवस्था सृजना गर्नु नै सबैभन्दा उपयुक्त उपाय हुन सक्दछ।

सरकारले कृषि मन्त्रालयको बजेट अघिल्लो आर्थिक वर्षको तुलनामा ३२.८२ प्रतिशतले वृद्धि गरेको छ। यसलाई कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धिका लागि सकारात्मक पहलका रूपमा लिन सकिन्छ। कृषि बजेटको प्रभावकारी कार्यान्वयन हुन सकेमा आन्तरिक उत्पादन वृद्धि गरी कृषि वस्तुको आयात केही हदसम्म प्रतिस्थापन र निर्यात प्रवर्द्धनमा सकारात्मक योगदान पुग्न सक्छ। आयात प्रतिस्थापनका लागि मूलतः भारतबाट आयात भइरहेकामध्ये कम लागतमा र सोही गुणस्तर र मापदण्डका उत्पादन गर्न सकिने सम्भावना भएका वस्तु सूचीकृत गरी ती वस्तुको उत्पादन प्रवर्द्धनका लागि विशिष्टीकृत रणनीति निर्माण र निजी क्षेत्रसँग मिलेर कार्यान्वयन गर्नुपर्छ। निर्यात प्रवर्द्धनका लागि बाह्य बजारको माग र हाम्रो उत्पादन सम्भाव्यताबीच सामञ्जस्य कायम गर्न सकिने वस्तु पहिचान गर्नुपर्छ र वस्तु केन्द्रित उत्पादन एवं निर्यात प्रवर्द्धन रणनीति निर्माण गरी कार्यान्वयन गर्नुपर्छ। कृषि बजारीकरणको लागि उत्पादन योजना र बजार योजनासहितको साना कृषि बजार पूर्वाधारको विकास, कृषि उत्पादन योजनासहितको उत्पादन तथा प्राथमिक प्रशोधनको कार्यक्रम सञ्चालन गर्नुपर्छ। विशेषगरी किसान कल्याण, सामूहिक प्रयासबाट प्राप्त हुने खाद्य तथा पोषण सुरक्षा, कृषि उद्यम तथा उद्योगको विकास, आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन र वातावरण तथा जैविक विविधताको संरक्षण गर्दै उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नुपर्ने हुन्छ। विविधीकरण, व्यवसायीकरण र उद्योगीकरणका माध्यमबाट किसानको आम्दानी वृद्धि, खाद्य तथा पोषण सुरक्षा र आत्मनिर्भर कृषि क्षेत्र नै अबको मार्गचित्र हुनुपर्छ।

## ४० लाख पुगे करदाता

काठमाडौं, ३० असार/रासस

करको दायरामा आउने करदाताको सङ्ख्या ४० लाख पुगेको छ। महालेखापरीक्षकको कार्यालयले बुधवार सार्वजनिक गरेको ५९औं प्रतिवेदन अनुसार आव २०७७/७८ सम्म ४० लाख ५९ हजार १०७ करदाता पुगेका छन्।




तस्वीरः फाइल

प्रतिवेदन अनुसार आयकर, मूल्य अभिवृद्धि कर र अन्तःशुल्क तीनवटै समूहका करदाताको सङ्ख्यामा वृद्धि भएको हो। त्यसमा व्यावसायिक स्थायी लेखा नम्बर १५ लाख ७७ हजार ३८३, व्यक्तिगत स्थायी लेखा नम्बर २४ लाख ७१ हजार ७२६ र अग्रिम कर स्थायी लेखा नम्बर नौ हजार ९९८ जनाले लिएका छन्।

आव २०७६/७७ को तुलनामा चालू आव २०७७/७८ आयकरतर्फ १८.९, मूल्य अभिवृद्धि करतर्फ ४.८७ र अन्तःशुल्क इजाजतपत्रतर्फ ९.६८ प्रतिशतले स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्यामा वृद्धि भएको हो। यो वर्ष आयकरतर्फ स्थायी लेखा नम्बर लिनेको सङ्ख्या छ लाख ४५ हजार ७१७ ले बढेर ४० लाख ५९ हजार १०७ पुगेको छ।

यस्तै, मूल्य अभिवृद्धि करतर्फ दर्ता हुनेको सङ्ख्या दुई लाख ६८ हजार ४३६ पुगेको छ भने अन्तःशुल्क इजाजतपत्र लिनेको सङ्ख्या एक लाख तीन हजार ४२३ पुगेको छ।

**डाक्टर र इन्जिनीयरले नै तिर्दैनन् कर**

महालेखाको प्रतिवेदन अनुसार चिकित्सक, इन्जिनीयर, वकील, सल्लाहकार, लेखापरीक्षक, कलाकार, खेलाडी, शिक्षक, प्राध्यापकलगायतका पेशाविद् अधिकांशले स्थायी लेखा नम्बर नलिएका र लिएकाले समेत आय विवरण दाखिला नगरेको उल्लेख गरिएको छ।

महालेखाले ५८औं प्रतिवेदनमा समेत पेशाविद्हरूले आफ्नो पेशागत प्रमाणपत्रलाई नवीकरण गर्दा करचुक्ता वा कर विवरण पेश गरेको प्रमाणपत्र माग गर्ने व्यवस्था गर्नुपर्ने कुरा उठाएको थियो। सरकारले आगामी आर्थिक वर्षको बजेट सार्वजनिक गर्दा पेशा व्यवसायमा संलग्न व्यक्तिको पेशागत प्रमाणपत्र नवीकरण गर्दा स्थायी लेखा नम्बर र करचुक्ता प्रमाणपत्र अनिवार्यरूपमा पेश गर्नुपर्ने व्यवस्था उल्लेख गरिएको छ। महालेखाले सम्बद्ध निकायबीच अन्तरआबद्धतासहित उक्त व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने उल्लेख गरेको छ।

## नेप्से परिसूचकमा दोहोरो अङ्कको वृद्धि

काठमाडौं, ३० असार/रासस

धितोपत्र बजारमा शेयर कारोवार मापक नेप्से परिसूचक बिहीवार दोहोरो अङ्कले उकालो लागेको छ।




तस्वीरः फाइल

नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक १४.७१ अङ्कले उकालो लागेर दुई हजार १.५३ अङ्कमा पुगेको छ। यस्तै, ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक १.७८ अङ्कले उकालो लागेर ३८३.१४ मा पुगेको छ।

कुल २२० कम्पनीको ६२ लाख १० हजार ९०८ कित्ता शेयर रु दुई अर्ब ४१ करोड १८ लाख ३४ हजार ५९९ मूल्यमा कारोबार भए। आजको कारोबारपछि बजार पूँजीकरण रु २८ खर्ब ५८ अर्ब एक करोड ८३ लाख बराबर पुगेको छ।

नेप्सेका अनुसार कारोबार भएका १३ उपसमूहको शेयर मूल्यमा वृद्धि भएको छ। बैंकिङ ७.३, व्यापार ५.९१, होटल तथा पर्यटन १०.७, विकास बैंक ३३.०७, जलविद्युत् ४७.२८, वित्त २५.२६, निर्जीवन बीमा २८.७७, उत्पादन ३७.९६, अन्य ५.०४, लघुवित्त ५५.५२, जीवन बीमा ११.७८, सामूहिक लगानी ०.११ र लगानी ०.०३ अङ्कले उकालो लागे।

कारोबारका आधारमा एनआइसी एशिया बैंक शीर्ष स्थानमा छ। सो बैंकको रु ३० करोड १८ लाख ८६ हजार ७३८ बराबरको कारोबार भयो। माथिल्लो तामाकोशी रु १४ करोड १३ लाख ८१ हजार ३८१, एशियन लाइफ इन्स्योरेन्स रु आठ करोड ४६ लाख ५८ हजार ८४४, शिवम् सिमेन्ट रु आठ करोड ३९ लाख ७१ हजार ५१६ र हिमालयन डिस्टिलरी रु छ करोड ६४ लाख ४३ हजार ५३६ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भए।

नेप्सेका अनुसार एनआइबिएल प्रगति फन्ड ९.९८, प्रभु सेलेक्ट फन्ड ७.९७, माथिल्लो तामाकोशी ७.१४, नबिल ब्यालेन्स फन्ड दोस्रो ६.९० र रिभर फल्स पावरका लगानीकर्ताले ६.३९ प्रतिशतले कमाए। त्यस्तै, प्रुडेन्सियल इन्स्योरेन्स ५.०१, सिइडिबी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी ३.३१, समिट लघुवित्त ३.०९, लक्ष्मी लघुवित्त ३.०१ र नेपाल एसबिआई बैंकका लगानीकर्ताले २.८४ प्रतिशतले गुमाए।

## एनसेलको महाराजगंज सेन्टर महिलाद्वारा सञ्चालित

काठमाडौं, ३० असार/

एनसेल आजियाटा लिमिटेडको महिला कर्मचारीहरूद्वारा व्यवस्थापन तथा सञ्चालन गरिएको यो सेन्टर एनसेलको पहिलो हो। यसलाई निरन्तरता दिँदै जाने एनसेलले जनाएको छ।




तस्वीरः सौजन्य

काठमाडौंस्थित महाराजगंज सेन्टर महिला कर्मचारीहरूबाट सञ्चालनमा आएको छ।

महिला सशक्तीकरण, लैङ्गिक समानता र समुदाय विकासको लागि एनसेलले महिला कर्मचारीद्वारा सेन्टर सञ्चालनमा ल्याएको जनाएको छ। यस अवधारणाले एनसेलको विविधता, समानता र समावेशिता मिशन अनुरूप रहेको छ, जसले कार्यस्थलमा विविधता, समानता र समावेशितालाई दृढतापूर्वक प्रोत्साहन गरेको एनसेलले दाबी गरेको छ।

सम्पूर्णरूपमा महिला कर्मचारीहरूबाट सञ्चालित एनसेल सेन्टरबारे मानव संसाधन तथा प्रशासकीय अधिकृत युवराज श्रीवास्तवले काठमाडौंको मुटु महाराजगंजमा यो सेन्टर सञ्चालन गरिएकोमा हर्षित भएको र यसलाई निरन्तरता दिने बताए। उनले एनसेलको विविधता, समानता र समावेशितालाई बढावा दिने नीतिमा ठूलो महत्त्व राखेको दाबी गरे।

एनसेलका ग्राहक सेवा प्रबन्धक ज्योति दाहालले टेलिकम क्षेत्रमा ग्राहक सेवामा धेरैजसो पुरुषको सहभागिता रहने गरेकामा लैङ्गिक समानताको लागि निरन्तर प्रयास भएको र त्यसैको फलस्वरूप महिला आबद्ध सेन्टर सञ्चालनमा आएको बताइन्। उनले लैङ्गिक समानताले मात्र व्यवसाय थप सुदृढ हुने विश्वास व्यक्त गरिन्।

सेन्टरबाट ग्राहकले एनसेलका सेवा तथा सुविधाहरूबारे सोधपूछ गर्न, सिम खरीद गर्न, इन्टरनेट सेटिङको जानकारीलगायत विभिन्न कर्पोरेट सेवाहरूसमेत लिन सक्छन्। सेन्टरबाट सिम फोरजीमा अपग्रेड, सिम तथा मोबाइल नम्बर परिवर्तन, सियुजी नम्बरहरूको आवश्यक फेरबदल, बिज प्लान, अन्तर्राष्ट्रिय रोमिङ सुचारु, बिल तिर्ने, ब्यालेन्स रिचार्ज र ट्रान्सफर गर्नेलगायतका अन्य ग्राहक सेवाहरू प्राप्त

(बाँकी चौथो पातामा)

# के नेपाल श्रीलङ्काजस्तै पतन हुनेछ ?

नेपाल र श्रीलङ्कामा धेरै समानता छ। पहिलो, दुवै देश आफ्नो अर्थतन्त्र चलाउन पर्यटनमा धेरै आश्रित छन्; दोस्रो, दुवैको नजीकको छिमेकी भारतसँग सांस्कृतिक, धार्मिक र सामाजिक सम्बन्ध र तेस्रो दुवै देश अहिले आर्थिक सङ्कटको सामना गरिरहेका छन् । श्रीलङ्काले आफूलाई लगभग दिवालिया घोषणा गर्दै मौद्रिक प्रतिबद्धताहरू पूरा नगरेको भए पनि नेपाल पनि त्यसलाई पछ्याउने बाटोमा छ । तर नेपालको सन्दर्भलाई विश्लेषण गर्न आवश्यक छ किनभने यो भारतसँग नजीक मात्र नभएर रणनीतिक रूपमा सबैभन्दा महत्त्वपूर्ण छ ।

नेपालको आर्थिक सङ्कटको कथा २०१५ मा शुरू भएको थियो जब ठूलो भूकम्पले ८००० भन्दा बढीको ज्यान लियो र १० अर्ब अमेरिकी डलरभन्दा बढीको पूर्वाधार क्षति भयो। देशको पुनर्निर्माणका लागि नेपाल सरकारले आगामी चार वर्षमा एशियाली विकास बैंक र विश्व बैंकबाट ऋण लिनुपर्ने थियो । भूकम्प अघि नेपालको वैदेशिक ऋण ५ अर्ब २ करोड अमेरिकी डलर मात्रै थियो जुन २०१९ सम्म १०.२ अर्ब अमेरिकी डलर पुग्यो भन्ने तथ्यलाई यसबाट बुझ्न सकिन्छ। यसबाहेक २०१९-२० मा ऋण चुक्ता गर्ने अवधि शुरू हुँदा विश्व नै कोभिड-१९ ले आक्रान्त भएको थियो । महामारीका कारण पर्यटन मात्र नभई देशको समग्र निर्यातमा असर परेको थियो जसका कारण सन् २०२२ सम्म ऋण थप १२.५ अर्ब अमेरिकी डलर पुग्यो ।

पछिल्लो पाँच वर्षदेखि नेपालको राजस्व सङ्कलनमा पनि असर परेको छ। यस अवधिमा औसत राजस्व सङ्कलन लक्ष्यको ७५ देखि ८० प्रतिशतबीच रहेको छ, जसले नेपाली अर्थतन्त्रमा पनि प्वाल परेको देखाउँछ। यसै क्रममा नेपालको विदेशी मुद्रा सञ्चिति सन् २०२१ को जुलाईको मध्यमा ११ अर्ब ७५ करोड अमेरिकी डलरबाट १७ प्रतिशत घटेर ९ अर्ब ७५ करोड अमेरिकी डलर पुगेको थियो ।

२०१५ सम्म देशले राम्रो काम गरिरहेको थियो र भुक्तानी खातामा सकारात्मक सन्तुलन थियो तर केपीशर्मा ओलीले देशको नेतृत्व सम्हाल्दा कुरा जटिल बन्दै गएको थियो। उनले २०१७ मा चिनियाँ बेल्ट एन्ड रोड इनिसिएटिभ (BRI) मा हस्ताक्षर गरे र भविष्यका जटिलताहरूको कुनै पनि अनुभूति नगरी देशमा ठूलो चिनियाँ लगानी निम्तो दिन थाले । उनलाई चिनियाँ कठपुतलीका रूपमा लिइएको हुनाले चीनले नेपालका

**स्वतन्त्र विचार**



वाल्मीकि यादव

> **नेपाल फरक छ र सरकारका निर्णयमाथि प्रश्न उठाउने शक्तिहरू छन् । त्यसैले विगतका सरकारहरूले नेपालको हितमा नभएका अधिकांश निर्णयहरू उल्टाइदिए । यसरी नेपालको अर्थतन्त्र श्रीलङ्काजस्तै खस्किने सम्भावना छैन ।**

लागि कुनै मूल्य नभएको धेरै पूर्वाधार परियोजनाहरूमा ठूलो मात्रामा लगानी गऱ्यो। तीमध्ये केही आयोजना झापाको दमक क्लिन इन्डस्ट्रियल पार्क (DCIP), चाइना नेपाल एग्रिकल्चरल टेक्नोलोजी कर्पोरेशन र अन्य धेरै थिए। यति मात्र होइन, ओली सरकारको पालामा समग्र आयात पनि कुनै दूरदृष्टिविना सर्वकालीन उच्च थियो। कुनै बेला चीन भारतलाई उछिन्दै नेपालमा सबैभन्दा बढी एफडीआई दिने देश बनेको थियो तर केपीशर्मा ओली नेतृत्वको सरकार बर्खास्त भएपछि कुराले सकारात्मक मोड लिन थाल्यो ।

आज नेपालमा मुद्रास्फीति उच्च छ। औसत उपभोक्ता मुद्रास्फीति ७.२ नजीक रहेको र सञ्चारमाध्यमका साथै केही विज्ञहरूले नेपाल श्रीलङ्काको पाइला पछ्याएको दाबी गरिरहेका छन् तर त्यो वास्तविकताभन्दा टाढा छ। पहिलो र मुख्य कारण, अधिकांश ऋण एशियाली विकास बैंक (एडिबी) र विश्व बैंकजस्ता अन्तर्राष्ट्रिय संस्थाहरूको हो, जहाँ ब्याजदर कम छ र त्यहाँ रोलओभर हुने सम्भावना छ। साथै नेपालको अर्थतन्त्र श्रीलङ्काजस्तै खस्कँदैन भन्ने कुरा सुनिश्चित गर्ने अन्य कारण पनि छन्।

**१. विदेशी मुद्राको उपलब्धता, निर्यात र रेमिटेन्सको पूर्वानुमान**

आज नेपालको वैदेशिक सञ्चिति करीब ७ महीना टिकाउन पर्याप्त छ, जसमा ऋण तिर्न र सबै आयात समावेश छ । यो अवस्था थाहा पाएर नेपाल सरकारले हालै आयातमा केही प्रतिबन्ध लगाएको छ र उपभोग कम गर्न मितव्ययिताका उपायहरू स्थापना गरेको छ, जसले समय १० महीनासम्म लम्बिन सक्छ। नेपालको समग्र निर्यात पनि अहिले बढ्दै गएको छ र गत वर्षको तुलनामा १५ प्रतिशत वृद्धि भएको छ। यस आर्थिक वर्षमा तीन अर्ब अमेरिकी डलरभन्दा बढी निर्यात हुने परियोजनाले मुलुकको अर्थतन्त्रमा मूल्य वृद्धि गर्नेछ। नेपालका लागि विदेशी मुद्राको प्रमुख स्रोत रेमिट्यान्स हो र कोभिड-१९ को महामारीको असर कम हुँदै गएपछि रेमिट्यान्स फेरि बढ्दै गएको छ। नेपालले आगामी वर्ष थप ८ अर्ब अमेरिकी डलर रेमिट्यान्स आउने अनुमान गरेको छ। यसले देशको अर्थतन्त्रलाई थप स्थिर बनाउँछ र विदेशी मुद्रा सञ्चिति बढाउँछ।

**२.भारतको निकटता, ऋणको रेखा र नेपालको रणनीतिक स्थान**

नेपाल भारतीय धर्म, संस्कृति र समाजको अभिन्न अङ्ग हो । भारतीय सेनामा पनि नेपाली जनताको ठूलो हिस्सा छ । नेपाल र भारतको स्थान र अन्तरसम्बन्धित श्रेडले यसलाई भारतको लागि सबैभन्दा महत्त्वपूर्ण छिमेकी बनाउँछ । भारतले नेपालको अर्थतन्त्र खस्कियोस् भनेर बाह्य शक्तिले जस्तो फाइदा उठाउन चाहेको छैन। यसैले २०१६ मा शुरू भएको ७५० मिलियन अमेरिकी डलरको क्रेडिट लाइनबाहेक, भारतले पहिले नै नेपालमा अर्को १.६५ बिलियन अमेरिकी डलरको ऋण लाइन अन्तर्गत परियोजनाहरू कार्यान्वयन गरिरहेको छ। अर्बौं डलरका अन्य आयोजना पनि पाइप लाइनमा छन्। यो श्रीलङ्काको विपरीत हो, जहाँ चीजहरू जथाभावी चलिरहेको थियो र त्यसैले नेपालको अर्थतन्त्र वर्तमान सङ्कटबाट गुज्रने सम्भावना छ ।

**३. नेपाल सरकारको समयसापेक्ष निर्णय**

पछिल्लो समय नेपाल सरकारले आयात नियन्त्रण गर्न र विदेशी मुद्रामाथिको निर्भरता घटाउन केही कठोर निर्णय गरेको छ, जसको परिणाम छिट्टै आउने छ । नेपालको कुल आयातको करीब १५ प्रतिशत पेट्रोलियम पदार्थ नेपालको सबैभन्दा ठूलो आयात वस्तु हो। यसबाहेक युक्रेनमा जारी सङ्कटका कारण कच्चा तेलको भाउ महँगो भएको छ । त्यसैले नेपाल सरकारले बिदाका दिन सरकारी सवारी साधन चलाउन प्रतिबन्ध लगाएसँगै इन्धन खपत समग्रमा २० प्रतिशत घट्ने भएको छ । नेपालले तरलता अभाव र विदेशी विनिमय सञ्चिति घट्दै गएको भन्दै विलासिताका वस्तु आयात गर्ने वस्तुको लागि लेटर अफ क्रेडिट (एलसी) जारी गर्न बन्द गरेको छ भने सवारी साधन तथा अन्य विलासिताका वस्तुको आयातमा रोक लगाउने घोषणा गरेको छ। त्यहाँ अन्य मितव्ययिताका उपायहरू पनि छन् जसले अर्थतन्त्रलाई फाइदा पुऱ्याउँछ र यसलाई आगामी ३-४ महीनामा स्थिर बनाउन मदत गर्दछ।

**४. श्रीलंका जस्तो वंशवादको राजनीति छैन**

श्रीलङ्कामा एउटै परिवारले शासन गरिरहेको थियो र उनीहरूको निर्णयलाई चुनौती दिने कोही थिएन । राष्ट्रपति, प्रधानमन्त्री, रक्षा, गृह र सबै प्रमुख मन्त्रालयहरू केन्द्रीय मन्त्रिपरिषद्मा नौ सदस्य भएको एउटै परिवारको नियन्त्रणमा थियो। नेपाल फरक छ र सरकारका निर्णयमाथि प्रश्न उठाउने शक्तिहरू छन् । त्यसैले विगतका सरकारहरूले नेपालको हितमा नभएका अधिकांश निर्णयहरू उल्टाइदिए। यसरी नेपालको अर्थतन्त्र श्रीलङ्काजस्तै खस्किने सम्भावना छैन।

नेपालले विगतमा धेरै उतारचढाव देखेको छ। दुई कट्टर प्रतिद्वन्द्वी भारत र चीनबीच रहेको हिमाली देशले पछिल्लो इतिहासमा पटकपटक चुनौतीको सामना गर्नुपरेको र अहिले आर्थिक सङ्कटमा फसेको छ। यद्यपि यो सामना गर्ने नेपाल मात्र देश होइन । युक्रेनी सङ्कटसँगै कोभिड-१९ महामारीले विश्वका अन्य धेरै अर्थतन्त्र पनि ध्वस्त हुने सँघारमा ल्याएको छ तर नेपालमा धेरै सकारात्मक बाटोहरू छन् र वर्तमान आर्थिक सङ्कटमा पनि विजयी भएर उभिने छ।

एमबीए (फाइनान्स)
जैन विश्वविद्यालय, बैंगलोर

## मुद्रण-जनशक्ति स्वदेशमैं तयार गर्न माग

चितवन, ३० असार/रासस

नेपालमा मुद्रणसँग सम्बन्धित उद्योगमा दक्ष जनशक्तिको अभाव भएको भन्दै यो विषयलाई नेपाली पाठ्यक्रममा समावेश गरेर जनशक्ति उत्पादन गर्नुपर्ने यससम्बन्धी उद्योगीको माग रहेको छ । यहाँका धेरै उद्योगमा प्राविधिक काम गर्ने अधिकांश व्यक्ति भारतीय छन् ।

नेपाल मुद्रण उद्योग महासङ्घका अध्यक्ष खेमकान्त रेग्मीले ठूलो जनशक्तिको माग हुने मुद्रण उद्योगमा प्राविधिक जनशक्ति स्वदेशी निकै कम रहेको बताए । उनको भनाइमा देशका चार हजार उद्योगमा एक लाखभन्दा बढीले प्रत्यक्ष रोजगार पाएका छन् । त्यतिनै सङ्ख्यामा अप्रत्यक्ष रोजगार पाउनेहरू छन् ।

यस क्षेत्रमा रु ८५ अर्बभन्दा बढी लगानी छ । उनले कक्षा ९ देखि नै प्राविधिक जनशक्ति उत्पादन गर्न सक्ने गरी पाठ्यक्रम निर्माण गर्नुपर्ने बताए । उच्च शिक्षा अध्ययनसँगै स्वदेशमैं रोजगार पाउनेगरी मुद्रण क्षेत्रमा उपयोगी शिक्षा दिन महासङ्घको माग रहेको रेग्मी बताउँछन् ।

विदेशमा यससँग सम्बन्धित पढाइका लागि विश्वविद्यालय नै स्थापना गरिएको भन्दै उनले पहिलो चरणमा पाठ्यक्रम हुँदै उच्च शिक्षा पढाउने कलेज खोल्नुपर्ने बताए। नेपालका छापाखानामा बाहिरबाट आएका कतिपय प्राविधिक जनशक्तिले मासिक रु तीन लाखभन्दा बढी पारिश्रमिक पाउने गरेका छन्। स्वदेशमा यस्ता जनशक्ति नहुँदा ठूलो रकम बाहिर जाने गरेको छ। उनले भन- "सरकारले पढाइदिए ठूलो रकम यहाँ रोकिन्छ । स्वदेशीले रोजगार पाउँछन् ।"

नेपालका उद्योगमा धेरै तलब खाने प्राविधिक जनशक्ति आधाभन्दा बढी भारतीय छन्। कतिपय नेपालीलाई मुद्रण उद्योगले विदेशी क्याम्पसमा पढ्न पठाएका छन्। अमेरीका, युरोपलगायत देशमा अनुभव हासिल गरेर स्वदेश फर्केर उद्योग चलाउने पनि छन् । सेक्युरिटी प्रिन्टिङ्को काम सरकारले गरेर निजी क्षेत्रलाई पुस्तक छाप्ने जिम्मेवारी दिएमा बाहिरिने ठूलो रकम जोगिने अध्यक्ष रेग्मीको तर्क छ।

हाल सरकारले कक्षा १ देखि तीन सम्मको मात्र पुस्तक छपाइका लागि निजी छापाखानालाई जिम्मेवारी दिँदै आएको छ। पहिले-पहिले कक्षा ८ सम्मको पुस्तक छाप्न निजी क्षेत्रलाई दिने गरिएको थियो। छपाइका सबै काम नेपालमैं गर्न सकेमा अर्बौं रुपियाँ स्वदेशमैं बस्ने र समयमैं विद्यार्थीले पुस्तक पाउने रेग्मी बताउँछन्। पाठ्यपुस्तक छाप्नका लागि यहाँका उद्योगीले ठूला मेशिन भित्र्याएका छन्।

## मोटरसाइकलको ठक्करबाट पैदलयात्रीको मृत्यु

राजविराज, ३० असार/रासस

पूर्व-पश्चिम राजमार्ग अन्तर्गत सप्तरीको रूपनी गाउँपालिका-६ वीरेन्द्र



तस्वीर: फाइल

बजारमा बिहीवार बिहान मोटरसाइकलको ठक्करबाट एकजना पैदलयात्रीको मृत्यु भएको छ।

मृत्यु हुनेमा रूपनी गाउँपालिका-६ का ५५ वर्षीय दीपनारायण मेहता रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। पश्चिमबाट पूर्वतर्फ गइरहेको स.४प १३३४ नम्बरको मोटरसाइकलले पैदलयात्री मेहतालाई ठक्कर दिएको हो। ठक्करबाट गम्भीर घाइते उनलाई उपचारका लागि गजेन्द्रनारायण सिंह अस्पताल भर्ना गरिएको थियो। उपचारका क्रममा उनको मृत्यु भएको छ।

**एनसेलको महाराजगंज....**

गर्न सक्ने एनसेलले जनाएको छ ।

सेन्टरमा आउने ग्राहकका लागि एक हप्ताको विशेष अफर रहेको जस अन्तर्गत ब्यालेन्स रिचार्ज गर्ने ग्राहकले बोनस प्राप्त गर्ने जनाइएको छ । सेन्टरबाट गरिने प्रत्येक रु ५० को रिचार्ज बराबर ग्राहकले रु २० को रिचार्ज कार्ड बोनसस्वरूप प्राप्त गर्छन् । ग्राहकको आवश्यकता अनुसार सेवा प्रदान गर्न एनसेलले देशभरि ३१ वटा एनसेल सेन्टरबाट ग्राहक सेवा प्रदान गर्दै आएको छ।



**देहाती कुखुरा:** वीरगंज बजारमा कुखुराको मासु अत्यधिक खपत हुन थालेपछि दूरदराज गाउँबाट देहाती कुखुरा बिक्रीको लागि शहरको बजारमा ल्याएर प्रतिकिलो रु सात सयदेखि आठ सयसम्म बिक्री गरिन्छ । तस्वीर: पङ्कज श्रेष्ठ


## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की-१० |
| ३. डा. आनन्दकुमार झा | ०५१-५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. पन्नालाल पटेल | ९८५५०३४१५५ | सिद्धार्थ मेडिकल हल, नाउक्षे, वीरगंज |
| ५. डा. श्यामसुन्दर दास | | |
| ६. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१-५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१-५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की-१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१-५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१-५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१-५२१९२१ नाउक्षे अस्पताल, वीरगंज

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१-५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. मीता महर्जन झा, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३-५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।
सम्पर्क: बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०७२९५०६०

# अन्तर्राष्ट्रिय समाचार

## सङ्कट बढ्दै गएपछि श्रीलङ्काको संसद्नजीकै सेनाका ट्याङ्कहरू तैनाथ

श्रीलङ्का, ३० असार/एएनआई

श्रीलङ्काको सेनाले बिहीवार संसद् भवननजीकै सेनाका ट्याङ्कहरू तैनाथ गरेको छ । प्रदर्शनकारीहरूलाई संसद्मा प्रवेश गर्नबाट रोक्नको लागि सेनाको ट्याङ्क तैनाथ गरिएको बताइएको छ ।


तस्वीरः एपी

श्रीलङ्काको फ्लावर रोडमा रहेको प्रधानमन्त्रीको कार्यालयमा प्रदर्शनकारीहरूले बुधवार आक्रमण गरेका थिए। अहिले टापु राष्ट्र गम्भीर आर्थिक र राजनीतिक सङ्कटमा परेको छ। जुलाई ९ मा प्रदर्शनकारीहरू राष्ट्रपति र प्रधानमन्त्रीको कार्यालयमा जबरजस्ती प्रवेश गरेर विरोध जनाएका थिए ।

आक्रोशित प्रदर्शनकारीहरूले राष्ट्रपति र प्रधानमन्त्रीको तत्काल राजीनामाको माग गरेका थिए ।

देश छाडेका राष्ट्रपति गोटाबाया राजापाक्ष र उनकी पत्नी आज माल्दिभ्सको मालेबाट सिङ्गापुर प्रस्थान गरेका छन् । अहिले तीन तह प्रहरी, सेना र विशेष बलसहित संसद्को सुरक्षा व्यवस्था कडा पारिएको छ । अहिले श्रीलङ्काले इन्धन र अन्य अत्यावश्यक आपूर्तिहरूको गम्भीर अभावको सामना गरिरहेको छ। बढ्दो मुद्रास्फीतिका कारण देशले सबैभन्दा खराब आर्थिक सङ्कटको सामना गरिरहेको छ । अर्को सूचना नभएसम्मका लागि सरकारी कार्यालयहरू बन्द गरिएका छन्।

घरेलु कृषि उत्पादनमा कमी, विदेशी मुद्रा सञ्चितिको कमी र स्थानीय मुद्राको अवमूल्यनले यो अभाव बढाएको हो ।

**पछि हटे श्रीलङ्काली प्रदर्शनकारी**

राष्ट्रपति र प्रधानमन्त्रीको सरकारी निवास कब्जा गरेर बसेका प्रदर्शनकारीहरू ती स्थानबाट निस्कने भएका छन् । राष्ट्रपति गोटाबाया राजपाक्ष पत्नी र दुईजना अङ्गरक्षकका साथ देशबाट बाहिरिएपछि नयाँ सरकारसमक्ष आफ्ना माग पुर्‍याउन उनीहरू ती भवनबाट बाहिरिने निष्कर्षमा पुगेका हुन् ।

राष्ट्रपति गोटाबाया राजीनामापत्रमा हस्ताक्षर नगरी प्रधानमन्त्री रनिल विक्रमासिङ्घेलाई कार्यवाहक राष्ट्रपति बनाएर देशबाट बाहिरिएपछिको परिस्थितिमा समस्याको समाधान संसद्बाट खोज्ने उद्देश्यले सरकारी निवास खाली गर्ने निष्कर्षमा आफूहरू पुगेको प्रदर्शनको नेतृत्व गरिरहेका देविन्द कोडागोडेले बताए । सभामुखले पनि समस्याको निकास संसद्बाट खोज्ने प्रयास भइरहेको बताएका छन् ।

वायुसेनाको विमानमा मालदिभ्स पुगेका गोटाबाया साउदी एयरलाइन्स चढेर सिङ्गापुर हुँदै साउदी अरबको जेद्दातर्फ लागेका मालदिभ्स सरकारका एक अधिकारीले बताएका छन् । आक्रोशित प्रदर्शनकारीबाट संसद् भवनलाई जोगाउन त्यहाँ भारी मात्रामा सुरक्षाफौज परिचालन गरिएको छ । हातहतियारले सुसज्जित सैन्य टोली बख्तरबन्द गाडीका साथ संसद् भवनबाहिर तैनाथ भएका छन् । रासस

## श्रीलङ्काको द्वन्द्व र प्रदर्शनकारीहरूको गुनासो सम्बोधन गर्नु आवश्यक

न्युयोर्क, ३० असार/एएनआई

श्रीलङ्कामा जारी अशान्तिबीच संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले बिहीवार प्रदर्शनकारीहरूको द्वन्द्व र गुनासो सम्बोधन गर्न आवश्यक रहेको बताएका छन् ।

ट्वीट गर्दै संयुक्त राष्ट्रसङ्घका प्रमुखले श्रीलङ्काका सबै राजनीतिक दलका नेताहरूलाई शान्तिपूर्ण र लोकतान्त्रिक ढङ्गले जारी सङ्क्रमणकालीन अवस्थामा आवश्यक सम्झौता गर्न आग्रह गरेका छन्। "म श्रीलङ्काको अवस्था नजीकबाट नियालिरहेको छु। घटनाका मूल कारण महत्त्वपूर्ण छन्"- उनले लेखेका छन् ।

बुधवार ठूलो सङ्ख्यामा प्रदर्शनकारीहरू श्रीलङ्काका प्रधानमन्त्रीको निवासबाहिर जम्मा भएर उनको कार्यालय कब्जा गरेका थिए। कोलम्बोको सडकमा प्रदर्शनकारीहरूलाई हटाउन सुरक्षाकर्मीहरूले अश्रुग्याँससमेत प्रहार गरेका थिए ।

जारी राजनीतिक-आर्थिक अस्थिरताबीच माल्दिभ्स भागेका विवादित राष्ट्रपति गोटाबाया राजापाक्षेले आज प्रधानमन्त्री रनिल विक्रमासिंघेलाई अन्तरिम राष्ट्रपति नियुक्त गरेपछि घटनाक्रम नयाँ ढङ्गले अगाडि बढेको हो।

श्रीलङ्काको रक्षा मन्त्रालयको पूर्ण स्वीकृतिपछि पत्नी र दुई अङ्गरक्षकसहित बुधवार माल्दिभ्स भागेका गोटाबाया राजापाक्षे सिङ्गापुर जाने अपेक्षा गरिएको छ ।

राजापाक्षे र उनकी पत्नी इओमा राजपाक्षे र दुई सुरक्षा अधिकारीहरू आज राति मालेबाट सिङ्गापुर जाने अपेक्षा गरिएको थियो तर सुरक्षा समस्याका कारण विमानमा चढ्न नसकेको डेली मिररले स्रोतलाई उद्धृत गर्दै जनाएको छ।

यसैबीच, उनका लागि निजी विमानको व्यवस्था गर्न लागिएको पनि सञ्चार माध्यमले जनाएका छन् ।

वार एसोसिएशन अफ श्रीलङ्काले प्रदर्शनकारीहरूलाई सरकारी कार्यालय कब्जा गर्ने र क्षति पुर्‍याउने कार्यलाई अनुपयुक्त भन्दै तत्काल प्रधानमन्त्रीको कार्यालयका सम्बन्धित अधिकारीहरूलाई फिर्ता गर्न आग्रह गरेको छ ।

यसैबीच नवनियुक्त कार्यवाहक राष्ट्रपति विक्रमासिङ्घेले बिहीवार देशभर निषेधाज्ञा जारी गरेका छन् ।

७३ वर्षीय गोटाबाया राजापाक्षे, जुलाई ९ मा प्रदर्शनकारीको भीडले उनको निवासमा आक्रमण गरेपछि लुकेर बसेका थिए र बुधवार राजीनामा पत्र बुझाउने घोषणा गरेका थिए ।

देशले इन्धन र अन्य अत्यावश्यक वस्तुको चरम अभावको सामना गरिरहेको छ। साथै बढ्दो मुद्रास्फीतिको कारण स्वतन्त्रताको लामो समयपछि सबैभन्दा खराब आर्थिक सङ्कटको सामना गरिरहेको छ ।

**श्रीलङ्कामा देशव्यापी निषेधाज्ञा**

कोलम्बो/सिन्हुवा

श्रीलङ्काका नवनियुक्त कार्यवाहक राष्ट्रपति रनिल विक्रमासिङ्घेले देशव्यापी निषेधाज्ञा (कर्फ्यू) घोषणा गरेका छन् । बुधवार कार्यवाहक राष्ट्रपति नियुक्त भएका उनले पद सम्हाल्नेबित्तिकै देशव्यापी निषेधाज्ञा घोषणा गरेका हुन् । निषेधाज्ञा लागू भएसँगै श्रीलङ्कालीहरू रेलमार्ग, सडक, मनोरञ्जनस्थल, उद्यानलगायत सार्वजनिक स्थानमा हिंडडुल गर्न पाउने छैनन् ।

बुधवार पनि यहाँका नागरिकले प्रधानमन्त्री रनिल विक्रमासिङ्घेको कार्यालय घेराउ गरी उनको राजीनामा माग गरेका थिए। बुधवार नै सभामुखले प्रधानमन्त्री विक्रमासिङ्घेलाई कार्यवाहक राष्ट्रपति नियुक्त गरिएको संसद्बाट जानकारी दिएका थिए ।

गत शनिवार राष्ट्रपतिको कार्यालय प्रदर्शनकारीले कब्जा गरेपछि सरकारी निर्णय तथा घोषणाहरू सभामुख र प्रधानमन्त्री कार्यालयबाट हुँदै आएका छन्। रासस


### मोटरसाइकल चोरी भएको सूचना

चेसिस नं MD2A36FX7MCK82283, इन्जिन नं JLXCMK01887 भएको प्र.०२-०३-००१५प ६३७० नम्बरको बजाज कम्पनीको २०० सिसीको खैरो रङ्गको NS ABS मोटरसाइकल २०७९/०३/२२ गते राति १०:५० बजे कलैया उमनपा-१७ अदालतरोडस्थित सिद्धार्थ स्वीट्स अगाडिबाट चोरी भएकोले फेला पार्नुहुने महानुभावले नजीकैको प्रहरी कार्यालय वा मोनं ९८११९३६४९८ मा खबर गरिदिनुभएमा उचित पुरस्कार दिइनेछ ।

- **अरुण मेहता**
वीरगंज महानगर-१२, मुर्ली

### मोटरसाइकल चोरी भएको सूचना

चेसिस नं MD2A11CY8HWA01511, इन्जिन नं DHYWHA45136 भएको ना.४७प १३०५ नम्बरको बजाज कम्पनीको १५० सिसीको रोयल ब्लु रङ्गको पल्सर मोटरसाइकल २०७९/०३/२९ गते साँझ ६:३० बजे वीरगंज महानगर-१३ आफ्नै घर अगाडिबाट चोरी भएकोले फेला पार्नुहुने महानुभावले नजीकैको प्रहरी कार्यालय वा मोनं ९८१९२८५१०२ मा खबर गरिदिनुभएमा उचित पुरस्कार दिइनेछ ।

- **ऐयाज अन्सारी**
वीरगंज महानगर-१३

### वीरगंज महानगरपालिकाको सूचना

सार्वजनिक यातायातका साधनहरूमा महिला, अपाङ्ग तथा ज्येष्ठ नागरिकहरूको लागि आरक्षित सिट राख्नुपर्ने व्यवस्था बमोजिम वीरगंज महानगर क्षेत्रभित्र सञ्चालित सार्वजनिक सवारीसाधनहरूमा सो व्यवस्था गर्न सम्बन्धित सबैमा सूचित गरिन्छ। साथै सो व्यवस्था पालना नगरिएको पाइएमा कानूनबमोजिम कारबाई हुने जानकारी गराइन्छ।

**वीरगंज महानगरपालिका कार्यालय**


## अवैध बस्ती तथा क्रसर उद्योग चाँडै हटाउने -मन्त्री यादव

प्रस, वीरगंज, ३० असार/

वन तथा वातावरण मन्त्री प्रदीप यादवले वन क्षेत्रभित्र रहेका अवैध बस्ती तथा क्रसर उद्योग हटाउने बताएका छन्।


तस्वीरः प्रतीक

वीरगंज उद्योग वाणिज्य सङ्घले आयोजना गरेको सम्मान कार्यक्रममा उनले अवैध बस्तीको कारण वनविनाश हुने गरेको र अवैध क्रसर उद्योगले चुरेको दोहन गरेकाले हटाउन आवश्यक रहेको बताए ।

उनले एकातिर अर्बौंको धनराशि चुरे संरक्षणमा खर्च भइरहेको र अर्कोतिर अवैध क्रसर उद्योगले चुरेको दोहन गरि रहेको बताए । राजनीतिक संरक्षणमा माफियाहरूले लामो समयदेखि वन क्षेत्रभित्र अवैधरूपमा क्रसर उद्योग सञ्चालन गरी वनविनाशमा सहयोग पुर्‍याएकाले तत्कालै हटाएर समस्या समाधान गर्ने बताए ।

मन्त्रालय अन्तर्गत विभिन्न किसिमका नामकरण गरी वन कटानी हुने गरेकोप्रति मन्त्रालयको ध्यानाकर्षण भएको बताए। उनले वनसँग जोडिएका झोलेछाप संस्थाहरू खारेजी प्रक्रियामा जाने बताए। जडीबुटीको रूपमा प्रयोग गर्न सकिने गाँजाको खेती सरकारी निगरानीमा आरक्ष क्षेत्रमा गर्न लगाएर राज्यको आम्दानी बढाउने बताए। अन्य देशमा औषधिको लागि गाँजाको खेती भइरहेको तर नेपालमा प्रतिबन्ध लगाउनु गलत भएको बताए । वनरक्षकहरू कामचोर भएको र उनीहरूले तत्काल बानीबेहोरामा सुधार गर्नुपर्ने नत्र जागीरबाट हट्नुपर्ने बताए । वन कर्मचारीहरू जनताको नाममा हजारौं क्युफिट काठ कटान गरी माफियामार्फत बिक्री गरिरहेको आफूले जानकारी पाएको र सो कार्य तत्काल रोक्ने बताए।

कार्यक्रममा मधेस प्रदेशका खानेपानी तथा ऊर्जा मन्त्री ओमप्रकाश शर्माले वीरगंजलाई हरित बनाउन आवश्यक रहेको बताए । विज्ञ खटाएर कुन प्रजातिको बिरुवा लगाउँदा वातावरणमा प्रत्यक्षरूपमा सहयोग पुग्छ, त्यस्ता बिरुवा रोपण गर्नुपर्ने बताए। प्रदेश सरकारले पनि स्थानीय सरकारमार्फत वृक्षारोपण कार्यक्रम ल्याएको तर त्यो फलदायी नभएको बताए ।

वीरगंज महानगरका प्रमुख राजेशमान सिंहले वीरगंजका सबै सडकपेटीमा विज्ञको सल्लाह अनुसार वृक्षारोपण गर्ने बताए ।

वीउवासङ्घका अध्यक्ष सुबोध गुप्ताको अध्यक्षतामा भएको कार्यक्रममा मधेस प्रदेश वाणिज्य सङ्घका अध्यक्ष गणेश लाठ, पूर्वअध्यक्ष अशोक बैद, अशोक टेमानी, प्रदीप केडिया, गोपाल केडियालगायतले मन्तव्य व्यक्त गरेका थिए ।

## चौध किलो गाँजासहित तीन महिला पक्राउ

प्रस, पोखरिया, ३० असार/

सशस्त्र प्रहरीले वीरगंज महानगरको सोलखपुरबाट १४ किलो गाँजासहित तीनजना महिलालाई पक्राउ गरेको छ।


तस्वीरः प्रतीक

पर्साको बहुदरमाई नगरपालिका-८ की ३६ वर्षीया उस्मा देवी, ४२ वर्षीया आरती देवी र ४० वर्षीया अनन्ती देवीलाई १४ किलो गाँजासहित पक्राउ गरिएको सशस्त्र प्रहरीले जनाएको छ । सूचनाको आधारमा सशस्त्र प्रहरी टोलीले सोलखपुरस्थित जीतपुर-रङ्गपुर सडकखण्डमा पैदल जाँदै गरेका महिलाहरूलाई रोकेर चेकजाँच गर्दा उनीहरूको साथबाट १४ किलो गाँजा बरामद भएको सशस्त्र प्रहरीले जनाएको छ ।

पक्राउ परेका महिलाहरूबाट नेरु ११ हजार ५००, भारु एक हजार ७१ र दुई थान मोबाइल पनि बरामद भएको पर्साका सशस्त्र प्रहरी उपरीक्षक तेजप्रसाद पोखरेलले जानकारी दिए। पक्राउ परेका तीनैजना महिलालाई आवश्यक कारबाईका लागि जिल्ला प्रहरी कार्यालय, पर्सामा बुझाइएको सप्रउ पोखरेलले जानकारी दिए ।


### ट्रक हराएको सूचना

मिति २०७८/२/१० गते राति जिल्ला नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) बर्दघाट नगरपालिका वडा नं ७ ज्यामिरेभारस्थित सडकमा पार्किङ गरिराखेको अवस्थामा जिल्ला रूपन्देही, सिद्धार्थ नगरपालिका वडा नं ७ बस्ने वसन्ती आलेमगरको नाममा दर्ता रहेको ना.३ख ६३३२ नम्बरको ट्रक हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजीकको प्रहरी चौकी वा ट्रकधनीको निम्न ठेगाना र फोन नम्बरमा सूचना दिनुहुन अनुरोध गर्दछौं ।

**वसन्ती आलेमगर**
**सिद्धार्थनगर नगरपालिका, वडा नं ७, रूपन्देही**
**फोन नं : ९८५७०२०३२८**

Nepal Netra Jyoti Sangh
Ramkumar Mahabir Prasad Kedia Eye Hospital

### Vacancy Announcement

**Post: Administrative Assistant - 1 (Male)**
Level: Assistant Level
Job Type: 6 months contract probability to extension
Job Location: R. M. Kedia Eye Hospital and its network.
Age: 25 to 30 years (age calculated on the date 2079 Jestha 31)
Qualification: Bachelor in Commerce or equivalent, fluent in MS Word, MS Excel, MS Power Point, Email-Internet as well as computerized accounting package. Nepali Typing Skill & Two wheelers valid driving license is mandatory. Experienced candidates are preferred.
Qualified Nepali candidates can apply within 7 days of vacancy published with copy of all certificates, citizenship, driving license, Hand written application etc. directly to Administration department of R. M. Kedia Eye Hospital, Parwanipur-4, Birgunj, Nepal from 9:00 am to 4:00 pm Sunday to Friday or apply through Email **vacancy@kediaeyes.org.**
**Salary:** As per NNJS rule.
**Selection criteria:** Written & Interview.
Note: No any telephonic conversation entertained regarding this vacancy.

Recruitment Committee
**Nepal Netra Jyoti Sangh**
**R. M. Kedia Eye Hospital**
Parwanipur-4, Birgunj, Nepal
All rights reserved regarding this vacancy to Management committee, R. M. Kedia Eye Hospital.

### रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसोः ३:४० बजे


### आजको राशिफल

| | |
|---|---|
| मेष – कर्मप्राप्ति | वृष – राज्यलाभ |
| मिथुन – रोगभय | कर्कट – व्यापारवृद्धि |
| सिंह – कडाश्रम | कन्या – सुसमाचार |
| तुला – भयचिन्ता | वृश्चिक – मित्रमिलन |
| धनु – कान्तिक्षय | मकर – सुयश |
| कुम्भ – खर्चवृद्धि | मीन – धनलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# खुला आकाशमुनि पढ्ने दलितहरूको लागि ट्युशनघरको व्यवस्था

प्रस, वीरगंज, ३० असार/

पिस फर दलित फाउन्डेशन मधेस परिवर्तन ल्याउनको लागि जीराभवानी गाउँपालिका–४ सुपौलीमा ट्युशन घरको फाउन्डेशनले जीराभवानीका साथै सखुवाप्रसौनी गापा–३ कौवा वनकटैयामा



फूटपाथमा दलित बालबालिकालाई निश्शुल्क ट्युशन पढाउँदै। तस्वीर सौजन्यः पिस फर दलित फाउन्डेशन

प्रदेश पर्साले जिल्लाका तीनवटा पालिकाका चार ठाउँमा सञ्चालन गरेको निश्शुल्क ट्युशनलाई व्यवस्थित गर्ने कार्य शुरू गरेको छ।

पिस फर दलित फाउन्डेशन नेपाल, मधेस प्रदेश, पर्साका अध्यक्ष मनोज रामले हावाहुरी, जाडो, गर्मीमा खुला आकाशमुनि सडक फूटपाथमा बसेर ट्युशन पढ्नुपर्ने बाध्यकारी अवस्थामा निर्माण शुरू गरेको बताए। उनले जीराभवानी गापा–४ सुपौलीमा १५० जना दलित बालबालिकालाई ट्युशनको व्यवस्था गरिएको तर अहिले वर्षाको मौसममा समस्या आउने देखेर व्यवस्थापन गरिएको बताए। उनले सोही ठाउँमा फुसको घरमा सडक फूटपाथमा दिइने निश्शुल्क ट्युशनलाई स्थानान्तरण गराइएको बताए।

१५० जना, सोही गापाको वडा नं ५ महुवनमा १३० जना र वीरगंज महानगर–१९ केहुनिया, विन्ध्यवासिनीमा १४० जना बालबालिकाहरूलाई निश्शुल्क ट्युशनको व्यवस्थापन गर्दै आएको छ। अध्यक्ष रामले अहिलेसम्म चारवटै स्थानमा ५७० जनालाई नियमितरूपमा चारजना शिक्षकशिक्षिकाको व्यवस्थापन गरेर ट्युशन दिइरहेको बताए।

फाउन्डेशनका उपाध्यक्ष चन्द्रकिशोर राम, सचिव दीपेन्द्र राम, सदस्य परमानन्द राम, अशोक रामलगायतले निश्शुल्क ट्युशनमा सहयोग गर्दै आएका छन्। चारवटै स्थानमा अहिले बिहानी विद्यालय भएकाले दिउँसो ट्युशन पढाइन्छ भने अन्य बखत बिहान र बेलुका ट्युशन पढाइन्छ।

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| जानकारी आएन | | | | |


## बाढी/पहिरोबाट सतर्क रहौं।

- गाउँघरका माथिल्लो भाग कुलो बनाइ पानीको उचित निकास दिऔं।
- जमीन चिरा परेको देखिएमा पानी नछिर्ने गरी टालौं।
- घरभित्र वा वरिपरिका जमीन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
- भूकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
- भौगोलिक अवस्था विचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं। भूक्षयबाट बचौं र बचाऔं।

नेपाल सरकार

विज्ञापन बोर्ड


# गाँजा मुद्दामा फरार नुनिया पक्राउ

प्रस, वीरगंज, ३० असार/

जिल्ला प्रहरी कार्यालय, पर्साले गाँजा मुद्दामा फरार भएका एकजना कसूरदारलाई पक्राउ गरी अदालतमा हाजिर गराएको छ।

उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगंजले २०७६/०१/३१ गते लागूऔषध गाँजा मुद्दाको आरोपमा पक्राउ परेका बहुदरमाई नगरपालिका वडा नं ७ बस्ने मिश्री भन्ने मिसिर महतो नुनियालाई चार वर्ष कैद र रु ५० हजार जरिवाना तोकेपछि नुनिया फरार भएका थिए।

उनलाई हिजो बुधवार सोही ठाउँबाट प्रहरीले पक्राउ गरी पर्सा जिल्ला अदालतमा उपस्थित गराइ अदालतको आदेश अनुसार कैद भुक्तानको लागि वीरगंज कारागार बुझाइएको जिप्रका, पर्साले जनाएको छ।

## मौलापुरको ४० प्रतिशत....

मौलापुर नगरपालिको शिक्षा र यससँग सम्बन्धित सबै पक्षमा लगानी गरिरहेको नगरप्रमुख साहको भनाइ छ। शिक्षाको भौतिक संरचना र शिक्षक व्यवस्थापन नभई गुणस्तरीय शिक्षा सम्भव नभएकोले मौलापुर नगरपालिकाले शिक्षामा ठूलो लगानी गरिरहेको नगरप्रमुख साहको दाबी छ।

आफ्नै लगानीमा मौलापुर प्राविधिक शिक्षालय सञ्चालन गरिरहेको मौलापुर नगरपालिकाले शिक्षालाई एकातिर निश्शुल्क र अर्कोतिर गुणस्तरीय बनाउन खोज्दा नगरपालिकाको धेरै रकम शिक्षामा निरन्तर लगानी भइरहेको नगरप्रमुख साहको दाबी छ। शिक्षामा निरन्तर भइरहेको ठूलो रकम लगानीको प्रतिफल पनि देखिने विश्वासमा आफू रहेको नगरप्रमुख साह बताउँछिन्।

छात्रालाई साइकल वितरणदेखि ल्यापटप वितरणसम्मको कार्यक्रम सुरुआत गरेको मौलापुर नगरपालिकाले नगरस्तरका विभिन्न शैक्षिक तथा बौद्धिक प्रतियोगिताहरू पनि सञ्चालन गर्दै आएको छ।

सरकार भएर पनि शिक्षामा सुधार गर्न खासै बजेट नछुट्याउनेहरूको लागि मौलापुरले गर्दै आएको काम धेरैको लागि उदाहरण बन्न सक्ने देखिन्छ।

# ठोरी गापाको गाउँसभा सम्पन्न

प्रस, ठोरी, ३० असार/

शिक्षालाई सबैभन्दा प्राथमिकतामा राख्दै ठोरी गाउँपालिकाको सातौं गाउँसभा सम्पन्न भएको छ। 'सुशासन, समृद्धि र समुन्नत पर्यटकीय ठोरीको आधार, उत्तरदायी, पारदर्शी, जिम्मेवार स्थानीय सरकार' मूल नाराका साथ बिहीवार सातौं गाउँसभा सम्पन्न भएको हो।

ठोरी गाउँपालिकाको सातौं गाउँसभामा उपाध्यक्ष गोकुलीकुमारी रेग्मीले आर्थिक वर्ष २०७९/८० को अनुमानित बजेटसहितको विनियोजन विधेयक प्रस्तुत गरेकी थिइन्। ठोरी गाउँपालिकाका अध्यक्ष लालबहादुर श्रेष्ठको अध्यक्षतामा गाउँ कार्यपालिकाको कार्यालय घ्याङ्डाँडामा सम्पन्न सभाले उपाध्यक्ष रेग्मीले प्रस्तुत गरेको रु ५५ करोड १४ लाख ७० हजार बराबरको अनुमानित बजेट पारित गरेको छ। शिक्षालाई प्रमुख प्राथमिकतामा राखेर प्रस्तुत भएको बजेटले गाउँपालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयमा निश्शुल्क शिक्षाको व्यवस्था गर्दै सोको लागि रु ४८ लाख बजेट विनियोजन गरेको छ। यस्तै, ठोरीमा रहेका सामुदायिक विद्यालयका पुराना





जस्तापाता हटाएर नयाँ जस्तापाता लगाउन रु २१ लाख बजेट विनियोजन





तस्वीरः प्रतीक

गरिएको छ। गापा अध्यक्ष श्रेष्ठले पदभार ग्रहण गरेको दिन नै ठोरीमा कक्षा १२ सम्म निश्शुल्क शिक्षा र सामुदायिक विद्यालयका पानी चुहिने जस्तापाता विस्थापन गर्ने घोषणा गरेका थिए। अध्यक्ष श्रेष्ठको उक्त घोषणालाई सातौं गाउँसभाले सम्बोधन गरेको छ।

यस्तै, ठोरीमा स्वास्थ्य स्वयंसेविकाका रूपमा कार्यरत महिलाहरूको सेवासुविधामा समेत वृद्धि गरिएको छ। ठोरीमा कार्यरत ३० जना महिला स्वयंसेविकाका लागि एकमुस्ट रु १३ लाख विनियोजन गरिएको छ भने एक विद्यालय एक बगैंचा कार्यक्रमका लागि रु दुई लाख विनियोजन गरिएको छ। यस्तै, इच्छुक ठोरीवासीका लागि लोकसेवा आयोग तथा शिक्षक सेवा आयोगको तयारी कक्षा सञ्चालनको लागि पनि रु तीन लाख बजेट छुट्याइएको छ। बजेटले स्वास्थ्य, नदी नियन्त्रण, सडक निर्माण र स्तरोन्नति, कृषि, पर्यटन, महिला सशक्तीकरणलगायतका क्षेत्रलाई समेत प्राथमिकतामा राखेर रकम विनियोजन गरेको छ। यस्तै, ठोरीमा मर्ज भएका विद्यालय भवनमा मन्टेश्वरी कक्षा सञ्चालन गर्ने रणनीतिसमेत बजेटले लिएको छ।

सातौं गाउँसभाको पहिलो बैठक गत असार १० गते गाउँ कार्यपालिकाको कार्यालयमा सम्पन्न भएको थियो। उक्त सभामा गाउँपालिका अध्यक्ष श्रेष्ठले आर्थिक वर्ष २०७९/८० को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरेका थिए।

# तस्कर तथा भारतीय सुरक्षाकर्मीबीच झडप

प्रस, वीरगंज, ३० असार/

नेपाल–भारत सीमा क्षेत्र पर्साको





तस्वीरः प्रतीक

प्रसौनीनजीक गएराति तस्कर तथा भारतीय सीमा सुरक्षा बल (एसएसबी) बीच झडप भएको समाचार प्राप्त भएको छ।

भारतबाट अवैधरूपमा कपडा बोकी नेपालतर्फ आइरहेको नम्बर नभएको ट्रकलाई एसएसबी भेलाहीले नियन्त्रणमा लिन खोज्दा तस्कर तथा भारतीय एसएसबीबीच झडप भएको थियो। स्थितिलाई नियन्त्रणमा लिन एसएसबीले एक राउन्ड गोलीसमेत चलाएको थियो। तस्करहरूको समूहको आक्रमणमा परी चारजना एसएसबी जवान घाइते भएका छन्।

घाइते हुनेहरूमा एसएसबीका इन्स्पेक्टर दीपक दारा, जवान मोहित ध्रुवे, चिटिकला बहाल रहेका छन्। एसएसबीले तस्करका नाइके भेलाही निवासी धर्मवीर चौरसिया, सन्दीप कुमार तथा मुसहरवा निवासी अखिलेशकुमार रहेको भेलाही थाना इन्चार्ज मनोज कुमारले बताए।

गएराति २ बजे भारतीय नम्बर नभएको ट्रकमा करोडौं रुपैयाँको कपडा अवैधरूपमा नेपाल भित्र्याइरहेको अवस्थामा एसएसबीले नियन्त्रणमा लिन खोज्दा भारतीय गाउँ कुकुहियाका स्थानीयहरूलाई तस्करहरूले उचालेर विरोध गराउन खोज्दा दुई पक्षबीच विवाद भएको थियो।


Make your stay with us is a memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

Ncell
Double Majja Pack
5GB data लाई बनाउनुहोस् 10GB!



10GB बनाउने तरिका:
१. सुरुमा रु. १२५ को ७ दिन मान्य 5GB Double Majja Pack खरिद गर्नुहोस्।
२. त्यसपछि validity नसकिँदै त्यहि pack फेरी खरिद गरी 5GB + 5GB data पाउनुहोस्।
३. Validity 28 दिन सम्म थपिदै जानेछ भने volume चाहिँ जतिपनि थपिन्छ।
४. त्यसैले धेरै फाइदा लिन धेरै चोटी खरिद गर्नुहोस्।
*17123*22#